# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ११ | काठमाडौँ | आइतबार, २१ वैशाख २०८२ | Prabhab National Daily | Sunday, May 04, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## कक्षा १२ को परीक्षा आजदेखि, पाँच लाख विद्यार्थी सहभागी हुँदै

- कूल परीक्षार्थी पाँच लाख ११ हजार ५२५ जना
- एक हजार ५९१ परीक्षा केन्द्र
- जापानबाट ३७ जनाले परीक्षामा सहभागिता जनाउँदै
- सबैभन्दा कम मनाङबाट ४५ जना र बढी काठमाडौंबाट ६८ हजार १३३ जना परीक्षार्थी
- मोबाइल फोन परीक्षा केन्द्रमा लान प्रतिबन्ध




**कुन प्रदेशमा कति परीक्षार्थी**

| | |
|---|---|
| कोशी | ८२,८७१ |
| मधेस | ६९,८०८ |
| बागमती | १,३५,२४० |
| गण्डकी | ४३,३४९ |
| लुम्बिनी | ९०,६७८ |
| कर्णाली | ३८,८८८ |
| सुदूरपश्चिम | ५०,६५४ |

■ प्रभाव संवाददाता

**काठमाडौं–** शिक्षक आन्दोलनका कारण स्थगित भएको कक्षा १२ को वार्षिक परीक्षा आजदेखि सञ्चालन हुँदै छ। राष्ट्रिय परीक्षा बोर्डका अनुसार परीक्षामा देशभरबाट पाँच लाख ११ हजार ५२५ जना परीक्षार्थी सहभागी हुने छन्।

नियमिततर्फ तीन लाख ९५ हजार ९०८ जना र आंशिकतर्फ एक लाख १५ हजार ६१७ जना परीक्षार्थी परीक्षामा सामेल हुँदै छन्। परीक्षाका लागि एक हजार ५९१ परीक्षा केन्द्र तोकिएको बोर्डले जानकारी दिएको छ। यसअघि यही ११ वैशाखमा परीक्षा हुने भनिएको थियो। तर, सामुदायिक विद्यालयका शिक्षकहरूको आन्दोलनले परीक्षा प्रभावित भयो। बोर्डले अन्तिम समयमा परीक्षा आजका लागि सारेको थियो।

परीक्षामा यस वर्ष जापानबाट ३७ जनाले सहभागिता जनाउँदै छन्। उनीहरू जापानस्थित एभरेस्ट स्कुलका विद्यार्थी हुन्। उनीहरू त्यहीँको केन्द्रबाट परीक्षामा सामेल हुने भएका छन्।

परीक्षामा यस वर्ष सबैभन्दा थोरै मनाङबाट ४५ जना परीक्षार्थी छन्। सर्वाधिक काठमाडौंबाट ६८ हजार १३३ जना परीक्षार्थी सहभागी हुने परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिए। परीक्षा सञ्चालनका लागि मनाङ र मुस्ताङमा एक/एक वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ। सबैभन्दा धेरै विद्यार्थीले परीक्षा दिने काठमाडौं जिल्लामा १६२ वटा परीक्षा केन्द्र तोकिएको बोर्डले जनाएको छ।

प्रदेशगत रूपमा हेर्दा कर्णाली प्रदेशबाट यस वर्ष सबैभन्दा कम ३८ हजार ८८८ जना र बागमती प्रदेशबाट सबैभन्दा धेरै एक लाख ३५ हजार २४० परीक्षार्थी कक्षा १२ को परीक्षामा सहभागी हुँदै छन्। यसैगरी कोशी प्रदेशबाट ८२ हजार ८७१ जना, मधेस प्रदेशबाट ६९ हजार ८०८ जना, गण्डकीबाट ४३ हजार ३४९ जना, लुम्बिनीबाट ९० हजार ६७८ र सुदूरपश्चिम प्रदेशबाट ५० हजार ६५४ जना विद्यार्थी सहभागी हुने बोर्डले जनाएको छ।

क्रमशः पृष्ठ २ मा

# टिआरसीमा माओवादीलाई ‘बाइपास’ गर्दै कांग्रेस–एमाले

■ जेबी योञ्जन

**काठमाडौं–** १० वर्षे सशस्त्र द्वन्द्वको एक पक्ष नेकपा माओवादी केन्द्रलाई ‘बाइपास’ गरेर सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका अध्यक्ष नियुक्त गर्नेगरी सत्तारूढ दलहरू अगाडि बढेका छन्। सत्ता गठबन्धनका प्रमुख दुई दल नेपाली कांग्रेस र नेकपा एमाले यस्तो तयारीमा लागेका हुन्।

दुवै दलले एक/एक आयोगको अध्यक्ष भागबण्डा गरेर अगाडि बढ्न लागेपछि माओवादी केन्द्र असन्तुष्ट बनेको छ। स्रोतको दाबीअनुसार कांग्रेसले सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्ष नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष शेरबहादुर केसीलाई बनाउन चाहेको छ। बेपत्ता पारिएका व्यक्ति छानबिन आयोगको अध्यक्ष एमालेनिकट मानिने पूर्वमुख्यसचिव लीलादेवी गड्तौलालाई बनाउने तयारी छ।

यसप्रति माओवादी असन्तुष्ट देखिएको हो। किनभने, ऊ द्वन्द्वको एक पक्ष हो। तत्कालीन सत्ता नेतृत्व दलको हिसाबले कांग्रेस द्वन्द्वको अर्को पक्ष हो। तर, एक पक्ष माओवादीलाई बाहिर राखेर टिआरसीसम्बन्धी दुवै आयोगको नेतृत्वबाट माओवादीलाई अलग राख्दा त्यसले संक्रमणकालीन न्याय प्रक्रिया टुंग्याउने सन्दर्भमा विश्वसनीयता गुमाउने माओवादी सांसद अमनलाल मोदी बताउँछन्।

‘हामीले हतियार बिसायौं। सेना समायोजन गर्‍यौं र शान्तिपूर्ण राजनीतिमा अवतरण गर्‍यौं। तर पनि शान्ति प्रक्रियाका केही कार्यभार बाँकी छन् त्यो हो, द्वन्द्वकालीन घटनाका पीडितलाई न्याय दिने कुरा,’ उनले प्रभावसँग भने, ‘तर, अहिले सुनिन्छ कि टिआरसीमा माओवादीलाई नेतृत्व नदिने। यो त घातक हुन्छ।’




### द्वन्द्वपीडित समुदायको आपत्ति

संक्रमणकालीन न्यायसँग सम्बन्धित दुई आयोगका पदाधिकारी सिफारिस समितिले गरिरहेको काम सन्तोषजनक नभएको भन्दै द्वन्द्वपीडित समुदायले आपत्ति जनाएका छन्। द्वन्द्वपीडितहरूले सिफारिस समितिले सार्वजनिक गरेको नाममा मात्र प्रश्न उठाएका छैनन्, समिति नै नयाँ गठन गर्नुपर्ने माग गरेका छन्। समितिले राजनीतिक भागवण्डा र पहुँचका आधारमा सम्भावित पदाधिकारीको संक्षिप्त सूची सार्वजनिक गरेको उनीहरूको आरोप छ।

द्वन्द्वपीडित समुदायले अहिलेको समितिले राजनीतिक भागबण्डा र पहुँचका आधारमा सम्भावित पदाधिकारीको संक्षिप्त सूची प्रकाशित गरेको भन्दै असहमति प्रकट गरेका छन्। संक्षिप्त सूचीमा रहेका अध्यक्षका उम्मेदवारहरूले संक्रमणकालीन न्यायको प्रक्रिया नै नबुझेको द्वन्द्वपीडितहरूले एक विज्ञप्ति जारी गरी जनाएका छन्।

द्वन्द्वपीडितहरूले संक्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा पुर्‍याउने क्षमता भएको र समाजले विश्वास गरेको व्यक्तिलाई पदाधिकारी बनाउनुपर्ने माग गर्दै आएका छन्। सत्य निरूपणका पूर्वअध्यक्ष गणेशदत्त भट्टका अनुसार पनि सार्वजनिक भएका नामहरू टिआरसीसम्बन्धमा विज्ञ होइनन्।

‘शान्ति प्रक्रिया टुंगोमा पुग्न बाँकी छ। टुंगोमा पुर्‍याउनु छ। ढिला भइसक्यो तर अहिले कसैलाई जागिर खुवाउने कामको रूपमा आयोगको पदाधिकारी नियुक्त गर्नु हुँदैन। सार्वजनिक भएका नामहरूमा त्यति विश्वास छैन।

क्रमशः पृष्ठ २ मा



हामीले हतियार बिसायौं। सेना समायोजन गर्‍यौं र शान्तिपूर्ण राजनीतिमा अवतरण गर्‍यौं। तर पनि शान्ति प्रक्रियाका केही कार्यभार बाँकी छन् त्यो हो द्वन्द्वकालीन घटनाका पीडितलाई न्याय दिने कुरा।

■ **अमनलाल मोदी**
सांसद, नेकपा माओवादी केन्द्र



शान्ति प्रक्रिया टुंगोमा पुग्न बाँकी छ। टुंगोमा पुर्‍याउनु छ। ढिला भइसक्यो तर अहिले कसैलाई जागिर खुवाउने कामको रूपमा आयोगको पदाधिकारी नियुक्त गर्नु हुदैन। सार्वजनिक भएका नामहरूमा त्यति विश्वास छैन।

■ **डा. गणेशदत्त भट्ट**
पूर्वअध्यक्ष, टिआरसी

बिहीबार प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेस सभापति शेरबहादुर देउवासहित प्रमुख विपक्षी दल माओवादीका अध्यक्ष पुष्पकमल दाहाललाई संवादका लागि सिंहदरबार बोलाएका थिए। बैठकमा दाहाल गएनन्। ओली र देउवा केही समय संवाद गरेर बाहिरिए। संवादको उद्देश्य शुक्रबारको नीति तथा कार्यक्रमसँगै टिआरसीमा पदाधिकारीबारे छलफल गर्ने भन्ने थियो।

स्रोतका अनुसार दाहालले टिआरसीमा औपचारिक छलफल गर्न चाहेका थिए। बैठक बसेर तत्काल निर्णय लिइहाल्न नहुने मत दाहालको थियो।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

नीति तथा कार्यक्रममा व्यवसायीको प्रतिक्रिया

# वैदेशिक रोजगारीको बाध्यता तत्काल हटाउन असम्भव

■ ममता थापा

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको नीति तथा कार्यक्रममा आन्तरिक रोजगारीलाई प्राथमिकतामा राखे पनि त्यसको कार्यान्वयन तत्काल सम्भव नहुने वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन्। सरकारको नीति तथा कार्यक्रममाथि प्रतिक्रिया दिने व्यवसायीहरूले यस्तो बताएका हुन्।

बाध्यात्मक वैदेशिक रोजगारीको अवस्था अन्त्य गर्न वर्षौं लाग्ने व्यवसायीहरू बताउँछन्। सरकारले नीति तथा कार्यक्रममा वैदेशिक रोजगारलाई निरुत्साहित गर्दै स्वदेशमै रोजगारी गर्ने घोषणा गरेको छ। आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने सरकारको घोषणा सकारात्मक भए पनि कार्यान्वयनमा चुनौती रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समाजका अध्यक्ष हरिबहादुर पाण्डे बताउँछन्। सरकारले जनतालाई झुक्याउनमात्र यस्तो घोषणा गरेको उनको दाबी छ।

‘देशमै रोजगारी दिन सके हामी व्यवसायी खुसी हुन्छौं। तर अहिलेसम्म सरकारको कुरा कार्यान्वयन भएको छैन, सरकारले जनतालाई ढाँट्ने काममात्र गरेको छ। स्वदेशमै रोजगारी दिन सक्छ भने व्यवसायीले त्यसलाई स्वागत गर्छ,’ अध्यक्ष पाण्डेले प्रभावसँग भने, ‘तर अझै ५० वर्ष वैदेशिक रोजगारीको विकल्प छैन भनेर राज्यले बुझ्नुपर्छ।’

देशमै रोजगारी दिन सके हामी खुसी हुन्छौं। तर अहिलेसम्म सरकारको कुरा कार्यान्वयन भएको छैन, सरकारले जनतालाई ढाँट्ने काममात्र गरेको छ। अझै ५० वर्ष वैदेशिक रोजगारीको विकल्प छैन भनेर राज्यले बुझ्नुपर्छ।

■ **हरिबहादुर पाण्डे**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समाज

सरकारले हामीलाई आन्तरिक रोजगारीमा पनि काम गर्ने अधिकार दिनुपर्छ। वैदेशिक रोजगार व्यवसायीलाई आन्तरिक रोजगारीमा ‘प्लेसमेन्ट’को अधिकार दिने हो भने प्रत्येक वर्ष ५० हजारदेखि एक लाख रोजगार सिर्जना गर्न सक्छौं।

■ **डकबहादुर खत्री**
प्रथम उपाध्यक्ष, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च

नीति तथा कार्यक्रममा वैदेशिक रोजगार ‘फोकस’ गर्ने कुरा पनि होइन। यो त बाध्यता हो। फोकस आन्तरिक रोजगारीलाई नै गर्ने हो। तर वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने कुरामा सरकारले ध्यान दिनुपर्छ।

■ **अख्तर हुसेन**
वरिष्ठ उपाध्यक्ष, तराई वैदेशिक रोजगार व्यवसायी समाज

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका प्रथम उपाध्यक्ष डिकबहादुर खत्री पनि अहिलेको अवस्थामा वैदेशिक रोजगारी विकल्पहीन रहेको बताउँछन्। वैदेशिक रोजगारलाई सुधार गर्न सरकारले ल्याएको कार्यक्रम स्वागतयोग्य रहे पनि कार्यान्वयन हुनेमा उनले आशंका व्यक्त गरे।

‘वैदेशिक रोजगारको सुधारका लागि ल्याइएका कार्यक्रम स्वीकार्य छन् तर कार्यान्वयन नभए यसको अर्थ हुँदैन। देशमा रोजगारी नभएकै कारण तत्कालीन विकल्प वैदेशिक रोजगारी हो। आन्तरिक रोजगारी सिर्जना नहुञ्जेल वैदेशिक रोजगारीलाई व्यवस्थित बनाऊ भनिरहेका छौं। नीति तथा कार्यक्रममा यसका अन्तरकुन्तरका विषयमा बहस गरिँदैन। यो नगरेसम्म वैदेशिक रोजगारमा सुधार हुँदैन,’ प्रथम उपाध्यक्ष खत्रीले भने।

वैदेशिक रोजगार व्यवसायीलाई आन्तरिक रोजगारीमा पनि काम गर्ने अधिकार दिनुपर्ने उनले माग गरे। आफूहरूलाई आन्तरिक श्रमबजारमा ‘प्लेसमेन्ट’को अधिकार दिने हो भने प्रत्येक वर्ष ५० हजारदेखि एक लाख रोजगार सिर्जना गर्न सक्ने उनको दाबी छ। तर, सरकारले आफूहरूसँग समन्वय नगरेको खत्रीले गुनासो गरे। तराई वैदेशिक रोजगार व्यवसायी समाजका वरिष्ठ उपाध्यक्ष अख्तर हुसेनले सरकारको नीति तथा कार्यक्रममा आन्तरिक रोजगारीलाई प्राथमिकता दिइनु स्वाभाविक भएको बताए।

क्रमशः पृष्ठ २ मा


## प्रेस विज्ञप्ति

**मलेसियाको रोजगारीमा सिण्डिकेटको प्रयासप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघ (NAFEA) को गम्भीर ध्यानाकर्षण**

मलेसियास्थित Ministry of Foreign Affairs ले 18 April 2025 मा नेपाली राजदुतावास मलेसियालाई जानकारी पत्र पठाएर Services Sector, Agriculture, Plantation र Construction का क्षेत्रहरूमा मागपत्र प्रमाणिकरणको लागि सहयोग गरी दिन भनेकोमा नेपाली राजदुतावास मलेसियाले पनि 25 April 2025 का दिन मागपत्र स्वीकृतिसम्बन्धी एक सूचना प्रकाशन गरी उल्लेखित क्षेत्रका माग पत्र खुल्ला गरिएको जानकारी गराएको अवस्थासँगै मलेसियन तथा नेपाली केही माफियाका गिरोहहरु मिलेर मलेसियन सरकारलाई समेत प्रभावमा पारी विभिन्न सिस्टम लागू गरी नेपाली श्रमिकलाई थप आर्थिक भार हुने गरी मलेसियाको रोजगारीको अवसर नै नियन्त्रणमा लिन खोजिएको भन्ने सुन्नमा आएको छ। यसरी नेपाली श्रमिकहरूका लागि मलेसिया रोजगारीमा केही सीमित व्यक्तिहरूले एकाधिकार (सिण्डिकेट) खडा गरी मलेसियाको वैदेशिक रोजगार व्यवसायलाई कब्जा गर्ने प्रयास भैरहेको विषयमा बजारमा व्यापक चर्चा परिचर्चा चलिरहेकाले आमव्यवसायीहरु माझ चासो र चिन्ता उत्पन्न भएको छ। यसप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपालका सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीहरूको साझा हित, अधिकार र सम्मानको रक्षाका लागि स्थापित यस व्यवसायी संघ सीमित व्यक्तिहरूले मलेसियाको रोजगारी आफ्नो नियन्त्रणमा लिन खोज्ने कुनै पनि सिण्डिकेट वा एकाधिकार प्रवृत्ति कुनै पनि हालतमा हाम्रो व्यवसायी संघलाई स्वीकार्य छैन र त्यस्ता प्रयासहरु विफल बनाउन कुनै पनि कसुर बाँकी राख्ने छैन भन्ने प्रतिबद्धता समेत आमव्यवसायीहरु माझ राख्न चाहन्छ। यस सन्दर्भमा संघ सम्पूर्ण व्यवसायीहरूलाई एकजुट भई व्यवसायिक मर्यादा, आन्तरिक ऐक्यबद्धता र समान प्रतिस्पर्धाको सिद्धान्तमा अडिग रहनसमेत हार्दिक अपिल गर्दछ।

यस विषयमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय तथा मलेसियास्थित सम्बन्धित निकायहरूलाई गम्भीर ध्यानाकर्षण गराउँदै, कुनै पनि सिण्डिकेट वा सीमित माफियाहरूलाई लाभ पुग्नेखालका गतिविधि तथा व्यवस्था स्वीकार गर्न नहुने र पूर्ववत अवस्थामा नै मागपत्रहरु प्रमाणिकरणमा ढिलाई नगरी काम गर्न गराउनुहुन अनुरोध गरिन्छ। नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले समेत मिति २०८१/११/१९ गते एक विज्ञप्ती नै जारी गरी मलेसियामा कामदार पठाउन यस्ता प्रकारका निर्णय नहुने भनिएकाले नेपाली व्यवसायीहरूलाई यस्ता कु–कार्यमा नलोभिन र नलाग्नसमेत अनुरोध गरिन्छ यदि भोलिका दिनमा यस्ता गतिविधिमा संलग्न भएको भेटिएमा संघको विधानअनुसार कारवाहीसमेत गरी व्यवसायबाट नै बहिस्कार हुनुपर्ने दिन आउने चेतावनी दिन चाहन्छ। सिण्डिकेट विरूद्धको यस्ता प्रकृतिका लडाइँमा संघ सदैव दृढ छ र सम्पूर्ण व्यवसायीहरूलाई सतर्क रहन, यदि कुनै शंकास्पद जानकारी प्राप्त भएमा तुरुन्तै संघलाई जानकारी गराउन र आवश्यक परेमा निर्णायक कदम चाल्न तयार रहन आह्वान गर्दछ। धन्यवाद !

**भुवन सिंह गुरुङ**
अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल -७, काठमाडौं, फोन नं. ०१-४५२०२६९/४५२४४१८

नीति तथा कार्यक्रममा स्वास्थ्य

# क्यान्सर, मिर्गौला तथा मुटुरोग सेवा सातवटै प्रदेशमा विस्तार गरिने

■ प्रभाव संवाददाता

काठमाडौं– सरकारले सघन जलन उपचार र मुटुरोग सेवा सातवटै प्रदेशमा विस्तार गर्ने कार्यक्रम अघि सारेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार संघीय संसद्मा प्रस्तुत आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा यस्तो योजना अघि सारिएको हो ।

क्यान्सर तथा मिर्गौला प्रत्यारोपण उपचारको सेवा पनि प्रदेशस्तरमा विस्तार गरिने बताइएको छ । दुर्गम क्षेत्रमा विशेषज्ञ सेवाहरू सञ्चालन गरिने, पाठेघर क्यान्सरको एचपीभी खोप र १४ वर्ष मुनिका बालबालिका लागि निःशुल्क क्यान्सर उपचार सेवा उपलब्ध गराइने विषय पनि कार्यक्रममा समेटिएको छ । मष्तिष्क, मेरूदण्ड, मानसिक र स्नायु रोग उपचारका लागि काठमाडौंमा अत्याधुनिक राष्ट्रिय न्युरो साइन्स केन्द्र स्थापना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

कार्यक्रममा आधारभूत तथा अत्यावश्यक औषधिको उत्पादन प्रवर्द्धन गरिनुका साथै औषधि तथा स्वास्थ्य सामग्रीसम्बन्धी एकीकृत ऐन तर्जुमा गरिने बताइएको छ । नीति तथा कार्यक्रमले स्वास्थ्य क्षेत्रका जनशक्तिको आपूर्ति सुनिश्चित गर्न 'जनरल नर्सिङ कार्यक्रम' सञ्चालन गरिने योजना ल्याएको छ । उत्पीडित तथा सीमान्तकृत समुदायलाई चिकित्सा शिक्षामा आरक्षणको व्यवस्था गरिने नीति तथा कार्यक्रममा भनिएको छ ।

'निरोगी नेपाल अभियान' अन्तर्गत प्रतिकारात्मक र उपचारात्मक दुवै विधि अपनाइ चिकित्सा प्रणालीको सबै पक्षको विकास गरिने भनिएको छ । आयुर्वेद सेवाको सुदृढीकरण र वैकल्पिक चिकित्सा विधि प्रवर्द्धन गर्न आयुर्वेद अध्ययन प्रतिष्ठानको रूपमा योगमाया आयुर्वेद विश्वविद्यालय सञ्चालनमा ल्याइने नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

स्वास्थ्य बिमा प्रणाली एकीकृत गरी उपचारको दायरा विस्तार गर्ने र छरिएका सबै स्वास्थ्य सेवालाई एकीकृत गरी स्रोतको अभावलाई सम्बोधन गर्न सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोषलगायत स्वास्थ्य सेवा र उपचार सुविधा दिने संस्थाहरूको सेवा प्रभावकारी बनाइने उल्लेख छ ।

## नागढुंगा–नौबिसे सडकखण्ड भोलिदेखि राति बन्द गरिने

**काठमाडौं (प्रस)**– त्रिभुवन राजपथको नागढुंगा-पिप्लामोड सडक निर्माण तथा सुधार गर्नुपर्ने भएकाले नागढुंगा-नौबिसे खण्ड भोलि वैशाख २२ गतेदेखि रातिमा बन्द गरिने भएको छ ।

नागढुंगा-मुग्लिङ सडक योजना (पूर्वी खण्ड)ले उक्त जानकारी गराएकाले सोहीअनुसारको व्यवस्था मिलाउने गरी आवश्यक तयारी थालिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए । नागढुंगा-मुग्लिङ सडक योजना (पूर्वी खण्ड) ले शनिबार एक सूचना जारी गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयको समन्वयमा वैशाख २२ देखि वैशाख ३१ गते राति ११ बजेदेखि ३ बजेसम्म उक्त सडकमा सवारीसाधन आंशिकरूपमा रोकी निर्माण गर्नुपर्ने भएकाले सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराएको उनले उल्लेख गरे ।

काठमाडौंबाट जाने सवारीसाधन नागढुंगा चेकपोस्टमा रोकिने र नौबिसेबाट काठमाडौंतर्फ आउने सवारीसाधन खत्रपौवा पुलमा रोकिने जनाइएको छ । आयोजनाले सीतापाइला-भीमढुंगा-रामकोट-धार्के सडक तथा सामाखुसी-टोखा-गुर्जेभञ्ज्याङ छहरे-त्रिशूली-गल्छी सडक प्रयोग गर्न पनि अनुरोध गरेको छ ।

उपरोक्त स्थानमा रोकिएका सबै सवारीसाधनलाई बिहान ३ बजेपछि मात्र छाडिने जनाइएको छ । सूचनामा भनिएको छ, 'रोकिएका समयमा सवारीसाधन रोक्दा र सवारी चलाउँदा कडाइका साथ आफ्नो लेन अनुशासन कायम राख्नुहुन तथा सवारी लामबद्ध भएका अवस्थामा जथाभावी ओभरटेक नगर्नसमेत अनुरोध छ ।' एम्बुलेन्स र सुरक्षा निकायका सवारीसाधन भने निर्वाधरूपमा सञ्चालन हुने जानकारी गराइएको छ ।

## 'एक वडा, एक नमूना उद्यम कार्यक्रम' विस्तार गर्दै कामपा

**काठमाडौं–** काठमाडौं महानगरपालिका (कामपा)ले थप ११ वटा वडामा 'एक वडा, एक नमूना उद्यम कार्यक्रम' शुभारम्भ गरेको छ । अघिल्लो आर्थिक वर्षमा १५ वटा वडा सो कार्यक्रम सुरु गरिएको थियो ।

यस वर्ष ११ वटा वडा थपिएका हुन् । अब छवटा वडामा कार्यक्रम कार्यान्वयन हुन बाँकी रहेको कामपाकी उपप्रमुख सुनिता डंगोलले जानकारी दिइन् । शुक्रबार राष्ट्रिय सभागृहमा आयोजना गरिएको कार्यक्रममा उपप्रमुख डंगोलले गत आर्थिक वर्षमा उद्यमी बनेका सहभागी र प्रशिक्षकलाई प्रमाणपत्र वितरण गर्दै चालु आर्थिक वर्षको तालिम कार्यक्रम शुभारम्भ गरिन् ।

उनले उत्पादित सामानको बजारीकरणका लागि वडास्तरीय कोसेलीघर स्थापना गरिएको जानकारी दिइन् । गत वर्ष कामपाको वडा नं १ र ३० को नमूना उद्यम गुन्द्रुक र मस्यौरा थियो । यसैगरी वडा नं २ को मस्यौरा र तितौरा, वडा नं ३ र ४ को फेल्टको सामान, वडा नं ५ को सेरामिक्सका सामान बनाउने, वडा नं ७ को क्रिष्टल तथा पोतेको गहना बनाउने उद्यम थिए ।

त्यसैगरी वडा नं ८ मा दुना टपरी र रुद्राक्षको ढक्की बनाउने, वडा नं ९ मा रुद्राक्षको माला र धुप बनाउने, वडा नं. १० मा मस्यौरा र अचार बनाउने, वडा नं १२ मा सुकुल बनाउने, वडा नं १६ मा काष्ठकला, वडा नं २१ मा कटाँकी मूर्ति कुँद्ने, वडा नं २२ मा जुत्ता बनाउने, वडा नं २४ मा मखमलका सजावटका सामान बनाउने र वडा नं ३२ मा अचार बनाउने उद्यम सञ्चालनमा छन् ।

यस वर्ष थालिएका ११ वटा वडाहरू वडा नं ११, १५, १८, १९, २०, २३, २५, २७, २८, २९ र ३१ हुन् । यी वडामा क्रमशः ऊनका सामग्री तयार गर्ने, हाकुपटासी उत्पादन गर्ने, मरीचरी (मिठाइका परिकार) उत्पादन गर्ने, नेवारी वेशभूषा तयार गर्ने, सचिका (धागो), सुर्के थैली र रिबनका फूल बनाउने, पपेट बनाउने, ढाकाका कपडा सिलाउने, माटोबाट मखुण्डो तयार गर्ने, बेबीसेट र गाउन सिलाउने, यमरी, फ्रोजन मःमसहित खाद्यवस्तु उत्पादन र छालाको जुत्ता तयार गर्ने उद्यम सञ्चालन गरिने जनाइएको छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

### टिआरसीमा...

तर, प्रधानमन्त्री ओलीका मानवअधिकार तथा कानुनसम्बन्धी सल्लाहकार अग्नि खरेलले छलफल गरेर निर्णय लिनेगरी दाहाललाई बिहीबार फोन गरेका थिए ।

त्यसबेला पनि दाहालले पहिला औपचारिक छलफल गर्नुपर्ने कुरा राखेका थिए । खरेलले भने बैठक नै बस्ने भनेपछि दाहाल बैठकमा सहभागी नभएको मोदी बताउँछन् । उनले भने, 'उहाँहरू (देउवा-ओली)ले एक/एक अध्यक्ष लिने सहमति गरिसक्नुभएको बुझियो । उहाँहरूले आयोगमा अध्यक्ष लिने सहमति गरेको र त्यसको साक्षी बस्न बोलाइएको थियो । अध्यक्ष कमरेड जानुभएन ।'

माओवादीले दुईमध्ये एउटा आयोगको अध्यक्ष चाहेको छ । द्वन्द्वका सरोकारवाला दुई पक्ष (कांग्रेस र माओवादी)ले एउटा-एउटा अध्यक्ष लिनुपर्ने मत छ । यहीबीच बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका पदाधिकारी तथा सदस्यका लागि परेका १११ जनाको आवेदनमा अहिले छानबिन चलिरहेको छ । नाम सिफारिस समितिले त्यसबाट 'सर्ट लिस्ट' सार्वजनिक गर्न बाँकी छ ।

समितिमा संयोजक सर्वोच्च अदालतका पूर्वन्यायाधीश ओमप्रकाश मिश्र छन् । सदस्यहरूमा पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खाती, अधिकारकर्मी एवं पूर्वराजदूत डा. अर्जुनकुमार कार्की, लिली थापा र अधिकारकर्मी स्टेला तामाङ छन् । समितिले दुवै आयोगको पदाधिकारीमा सम्भावित नाम सूची हालै सार्वजनिक गरेको हो । यसकै आधारमा दुवै आयोगको अध्यक्षमा सत्तारुढ दुई दलले भागबण्डा गरेका विवरणहरू सार्वजनिक भइरहेका छन् ।

सर्वोच्च अदालतले गत वर्ष २९ फागुनमा सरकारका नाममा एक महिनाभित्र सत्य निरूपण तथा मेलिमलाप आयोग र बेपत्ता पारिएका व्यक्ति छानबिन आयोगमा पदाधिकारी नियुक्ति गरिसक्न परमादेश जारी गरेको थियो, तर अहिलेसम्म उक्त काम पूरा भएको छैन ।

यहीबीच गत वर्ष नै बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्बाट पारित भइसकेको छ । ऐन पनि बनिसकेको छ । तर, आयोगले पूर्णता नपाउँदा शान्ति प्रक्रियाको काम पूरा हुन सकेको छैन ।

■■■

### द्वन्द्वपीडित...

कारण उनीहरू विज्ञ होइनन्,' उनले भने शान्ति प्रक्रियाको काम थालनी भएको १८ वर्ष पुग्यो । तर, नटुंगिदा न्यायको व्यग्र प्रतिक्षामा रहेका द्वन्द्वपीडितहरू चिन्तामा छन् । सरकारलाई अन्तर्राष्ट्रिय समुदायले पनि लगातार दबाब बढाउँदै लगेको छ । अहिलेसम्म राजनीतिक तहमा नै सहमति जुटेको छैन ।

### कक्षा १२ ...

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा परीक्षाको अनुगमन र निरीक्षण गर्न जिल्लास्तरीय परीक्षा समन्वय समिति गठन गरिएको छ । समितिको कार्याधिकार परीक्षा अनुगमन तथा पर्यवेक्षणको काम हो । परीक्षा सञ्चालन अवधिभर केन्द्राध्यक्षबाहेकलाई परीक्षा केन्द्रमा मोबाइल फोन लैजान बोर्डले रोक लगाएको छ ।

हालै बोर्डले सूचना जारी गर्दै परीक्षा हलमा मोबाइल फोन, स्मार्ट घडीलगायत अन्य कुनै पनि प्रकारका इलेक्ट्रोनिक्स डिभाइस लैजान रोक लागाएको जनाएको छ । परीक्षा हलमा यदि कसैले परीक्षामा मोबाइलको प्रयोग गरेको पाइएमा जफत गरी कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइने र सम्पूर्ण विषयको परीक्षा रद्द हुने चेतावनीसमेत बोर्डले दिएको छ । परीक्षा नियन्त्रक शर्माले परीक्षालाई स्वच्छ, मर्यादित, अनुशासित, व्यवस्थित र विद्यार्थीमैत्री बनाउन अपिल गरेका छन् ।

यसपटकको परीक्षामा देशभर केन्द्राध्यक्षदेखि सुरक्षाकर्मीसम्म गरी कूल ४८ हजार २०९ जना कर्मचारी खटाइने बोर्डले जनाएको छ । जसमा केन्द्राध्यक्षको संख्या एक हजार ५९१ रहेको छ । यसैगरी दुई हजार १९७ जना सहायक केन्द्राध्यक्ष र २१ हजार ५५३ जना निरीक्षक खटाइने भएको छ । यसबाहेक परीक्षा केन्द्रमा खटिने कर्मचारी दुई हजार १९७ जना, कार्यालय सहयोगी एक हजार ५९१ जना र सुरक्षाकर्मी १९ हजार ८० जना खटिने पनि बोर्डले जनाएको छ ।

■■■

### वैदेशिक...

'नीति तथा कार्यक्रममा वैदेशिक रोजगार फोकस गर्ने कुरा पनि होइन । यो त बाध्यता हो,' उनले भने । वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने कुरामा सरकारले ध्यान दिनुपर्ने हुसेनको धारणा छ ।

शुक्रबार संघीय संसद्मा राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गरेको सरकारको नीति तथा कार्यक्रममा वैदेशिक रोजगार क्षेत्रलाई प्राथमिकताबाहिर राखेको छ । सरकारले आन्तरिक रोजगारीलाई प्राथमिकतामा राखेको छ । वैदेशिक रोजगारीका क्षेत्रलाई व्यवस्थित बनाउन आवश्यक सीमित योजनामात्र बनाएर मूलतः मुलुकभित्रैको रोजगारी सिर्जनामा सरकार केन्द्रित भएको छ ।

गत फागुनमा घोषणा भएको आन्तरिक रोजगार दशकलाई सार्थकता दिने खालका कार्यक्रमहरू सार्वजनिक गरिएका छन् । देशभित्रै उद्यमशीलता विकास गरी युवा रोजगारी सिर्जना गर्ने सरकारको घोषणा छ । पछिल्लो समय उद्यमी बन्नेभन्दा पनि जागिर खाने प्रवृत्ति बढेको भन्दै सरकारले चिन्ता व्यक्त गर्दै आएको छ ।

स्वरोजगारी तथा ज्याला रोजगारी दुवैको माध्यमबाट आन्तरिक रोजगारी सिर्जना गर्ने सरकारले बताएको छ । युवाहरूका लागि मुलुकमै रोजगारीमा आकर्षित गर्नका लागि इन्टर्नलाई पनि स्टार्टअपमा समावेश गरिने भएको छ । उनीहरूलाई काम गरेको समयमा आधारित भएर ज्याला दिने प्रणाली लागू गरिने जनाइएको छ । मुलुकमा केही छैन भनेर दक्ष जनशक्ति पलायन भइरहेको अवस्थालाई रोक्न विगतमा भएका तर हाल रोकिएका श्रम प्रोत्साहनका अभ्यासलाई निरन्तरता दिइने सरकारको घोषणा छ । त्यस्तै आधारभूत श्रम मापदण्डको कार्यान्वयन सुनिश्चित गर्न श्रम अडिटको व्यवस्था गरिने पनि कार्यक्रममा उल्लेख छ ।

वैदेशिक रोजगारीमा जानेहरूलाई अन्तर्राष्ट्रिय श्रमबजारको मागअनुसार सीपयुक्त जनशक्ति तयार गर्न राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको भूमिका विस्तार गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ । त्यस्तै वैदेशिक रोजगारीमा आवश्यकताअनुसार ऐन, कानुन, नीतिको संशोधन गरेर समयसापेक्ष बनाउँदै अघि बढ्ने घोषणा पनि सरकारको छ ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

आइतबार, २१ वैशाख, २०८२

| | |
|---|---|
| मेष | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| वृष | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| मिथुन | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| कर्कट | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| सिंह | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| कन्या | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| तुला | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| वृश्चिक | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| धनु | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| मकर | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| कुम्भ | सुखद समाचारले उत्साह जगाउनेछ । |
| मीन | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ वैशाख, २०८२ (०४, मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३४.८९ | १३५.४९ |
| युरो | १ को | १५२.९३ | १५३.६१ |
| पाउन्ड स्टिर्लङ | १ को | १७९.९६ | १८०.७६ |
| स्विस फ्रैन्क | १ को | १६३.२१ | १६३.९३ |
| अस्ट्रेलियन डलर | १ को | ८६.२७ | ८६.६५ |
| क्यानाडियन डलर | १ को | ९७.६६ | ९८.१० |
| सिङ्गापुर डलर | १ को | १०३.१५ | १०३.६१ |
| जापानी येन | १० को | ९.३५ | ९.३९ |
| चिनियाँ युआन | १ को | १८.५५ | १८.६३ |
| साउदी अरब रियाल | १ को | ३५.९७ | ३६.१३ |
| कतारी रियाल | १ को | ३७.०१ | ३७.१७ |
| थाई भाट | १ को | ४.०३ | ४.०५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.७२ | ३६.८९ |
| मलेसियन रिङेट | १ को | ३१.२६ | ३१.४० |
| दक्षिण कोरियन वन | १०० को | ९.४६ | ९.५० |
| स्विडिस क्रोनर | १ को | १३.९० | १३.९६ |
| डेनिस क्रोनर | १ को | २०.४९ | २०.५८ |
| हङकङ डलर | १ को | १७.३९ | १७.४७ |
| कुवेती दिनार | १ को | ४३९.७६ | ४४१.७२ |
| बहराइन दिनार | १ को | ३५७.८० | ३५९.३९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**अलपत्र पक्की पुल** | काठमाडौंको गोकर्णेश्वर नगरपालिकास्थित माकलबारीमा बागमती नदीमाथि दुई वर्षदेखि अलपत्र बनेको पक्की पुल । पुल नबन्दा विशेषगरी वर्षायाममा सर्वसाधारणले सास्ती भोग्नुपरेको छ । *तस्बिर: पूर्णप्रसाद मिश्र/रासस*

# नेपाली नागरिकलाई देश फर्कन सहज तुल्याउने प्रतिबद्धता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संसदीय समितिका सभापतिहरूले विभिन्न कारणले विदेशमा रहेका नेपाली नागरिकलाई स्वदेश फर्कन सहजता प्रदान गर्ने ढंगबाट कानुन निर्माण गरिने प्रतिबद्धता जनाएका छन् ।

ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियानद्वारा शनिबार यहाँ आयोजित कार्यक्रममा उनीहरूले सन्तान भेट्न आमाबाबु विदेश जाने नभई छोराछोरी नेपाल आउने वातावरण निर्माण गर्नेगरी कानुन तर्जुमा गर्नेतर्फ ध्यान पुऱ्याइने बताए ।

प्रतिनिधिसभाको राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडाले कानुन निर्माणमा कुनै राजनीतिक गन्ध नआउने र विदेशमा रहेका नेपाली नागरिकलाई देश फर्कन सहज तुल्याउन सकियोस् भन्नेमा सम्पूर्ण कोसिस रहने धारणा राखे । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्बरबहादुर थापाले बेलायती-गोर्खा फौजमा राज्यले सम्झौता गरेर पठाएका नागरिकलाई आफ्ना होइन भन्ने विषय नेपालका लागि सुहाउँदो नभएको जिकिर गरे । आफ्ना नागरिकलाई पराई बनाउन हुन्न भन्नेमा राज्य उत्तरदायी हुनुपर्नेमा जोड दिँदै उनले शिक्षा र निजामती प्रशासनमा सुधार नल्याएसम्म देशविकासको नारा कागजमा सीमित रहने धारणा राखे ।




बागमती प्रदेशका पूर्वमुख्यमन्त्री एवं सांसद राजेन्द्रप्रसाद पाण्डेले संविधान र नेपालको नागरिकता ऐन २०६३ संशोधनका बेला ब्रिटिस गोर्खाले आफ्नो नागरिकताले निरन्तरता पाउनुपर्ने कारणसहितको दलिल पेस गर्नुपर्ने सुझाव दिए । वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवालीले जुनसुकै मुलुकमा रहे पनि नेपाली नागरिकका सन्ततिलाई वंशजका आधारमा नागरिकता प्राप्तिमा संविधानतः कुनै बाधा नरहेको तर्क गरे । उनले कसैलाई पनि राज्यविहीनताको अवस्थामा राख्न नहुने बताए ।

अभियानका सल्लाहकार कृष्णबहादुर राईले देशले सम्झौता गरेर पठाएका नागरिकलाई राज्यविहीनताको अवस्था आउन नदिन र ब्रिटिस गोर्खाले प्राप्त गर्ने निवृत्तिभरण राष्ट्र बैंकमार्फत प्राप्त गर्ने व्यवस्था मिलाउन आग्रह गरे । अभियानका अध्यक्ष फुर्वा शेर्पाले ब्रिटिस गोर्खाले उठाउँदै आएका विषय पहिचान र न्याय, बलिदान र योगदानसँग जोडिएका भन्दै राज्यले यसलाई गम्भीरतापूर्वक लिनुपर्ने आवश्यकता औंल्याए ।

उक्त अभियानले बेलायती सेनामा भर्ती भएका लाहुरेको नेपाली नागरिकताले निरन्तरता पाउनुपर्ने तथा उनीहरूको सन्तानलाई पनि वंशजका आधारमा नागरिकता प्राप्त गर्ने कानुनी सुविधा हुनुपर्ने माग गर्दै आएको छ ।

नीति तथा कार्यक्रम

# विद्यालय शिक्षा यसै अधिवेशनबाट पारित गरिने

■ **प्रभाव संवाददाता**

काठमाडौं- सरकारले विद्यालय शिक्षासम्बन्धी विधेयक, २०८१ लाई संसद्को यसै अधिवेशनबाट पारित गर्ने घोषणा गरेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार संघीय संसद्मा प्रस्तुत सरकारको नीति तथा कार्यक्रममा विद्यालय शिक्षाको कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई यसै अधिवेशनबाट पारित गर्ने उल्लेख रहेको छ ।


सरकार र नेपाल शिक्षक महासंघबीच यही वैशाख १७ गते भएको थियो भने संसद्का तीन ठूला दलका प्रमुख सचेतकले आगामी असार १५ गतेभित्र सो विधेयक पारित गर्ने प्रतिबद्धता सार्वजनिक गरेका थिए । सो विधेयक हाल प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको उपसमितिमा विचाराधीन रहेको छ ।

नीति तथा कार्यक्रममा शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र जीवन उपयोगी बनाइने, विद्यालय शिक्षाको शासकीय सुधारको दीर्घकालीन मार्गचित्र तयार गरी पुनर्संरचना गरिने, विद्यालय शिक्षा सुधारका लागि कानुनी, नीतिगत र संस्थागत सुधार गरिने र संवत् २०८४ भित्र सबै बालबालिकाले आधारभूत शिक्षा पाउने व्यवस्था गरिने जनाइएको छ ।

यसैगरी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई परिमार्जन गरी राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमको रूपमा सुदृढ गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । विद्यमान शिक्षा पद्धतिलाई आधुनिक, विज्ञान-प्रविधिमैत्री र अनुसन्धान-अन्वेषण लक्षित बनाइने, विद्यालय शिक्षा पूरा गर्नासाथ विद्यार्थीहरूको ग्रेडिङका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा वा विश्वविद्यालय शिक्षामा प्रवेश गराइने, प्राविधिक शिक्षाको धारलाई विश्वविद्यालय तहसम्म पुऱ्याइने भनिएको छ ।

संस्थागत-सामुदायिक विद्यालय साझेदारी कार्यक्रम लागू गरी संस्थागत विद्यालयहरूकोसमेत सहभागितामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याइने छ नीति कार्यक्रममा रहेको छ ।

'संस्थागत एवं सामुदायिक विद्यालयका पाठ्यक्रममा एकरूपता ल्याइने छ । सबैको पहुँचसहितको 'भर्चुअल' शिक्षण प्रणाली, विद्यार्थी परामर्श प्रबन्ध, अन्तरक्रियात्मक इ-लर्निङ सामग्रीको डिजिटल प्लेटफर्म व्यवस्था तथा शिक्षक मेन्टरिङमा आधारित आकर्षक शिक्षणकलामा सघन तालिमको व्यवस्था गरिने छ,' नीति तथा कार्यक्रममा भनिएको छ ।



स्थानीय तहदेखि संघसम्म सरकारी सेवामा 'इन्टर्न' लाई प्रयोग गरिने बताइएको छ । स्नातक तहभन्दा माथिका विद्यार्थीलाई विभिन्न अनुसन्धान संस्थामा आबद्ध गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । बढीमा हप्तामा २० घण्टा कामको न्यूनतम ज्याला निश्चित गरी 'कमाउँदै-पढ्दै'को नीति लागू गरिने कार्यक्रम रहेको छ ।

यस्तै विकट भौगोलिक क्षेत्रलाई लक्षित गरी आवासीय विद्यालयहरू खोलिने जनाइएको छ । निजी विद्यालयका लागि राष्ट्रिय नियमन मापदण्ड जारी गर्ने, शिक्षक दरबन्दीको पुनरावलोकन गर्ने, विश्वविद्यालयसँगको सहकार्यमा शिक्षक बैंकको स्थापना गर्ने, शिक्षकको राष्ट्रिय योग्यता मापदण्ड जारी गर्ने तथा शिक्षक किताबखानाका काम प्रणालीगत रूपमा क्रमशः प्रदेश सरकारलाई हस्तान्तरण गरिने विषय कार्यक्रममा समेटिएको छ ।

'उच्च शिक्षालाई अनुसन्धानमा आधारित बनाइने छ । विश्वविद्यालयहरूको शासकीय प्रणालीमा सुधार गरिने छ । शैक्षिक गुणस्तरको राष्ट्रिय मानक तयार गरी स्थानीय, प्रदेश र राष्ट्रियस्तरमा सिकाइ उपलब्धि परीक्षण गरिने छ भने विश्वविद्यालय अनुदान प्रणालीमा सुधार गरी यसलाई विद्यार्थी संख्या, गुणस्तर र संस्थाको दिगोपनाका आधारमा वितरण गरिने छ,' नीति तथा कार्यक्रममा छ, 'सामुदायिक क्याम्पसमा अध्यापनरत शिक्षकहरूको वृत्तिविकास र पद वर्गीकरणका आधार तयार गरी विश्वविद्यालयका अन्य शिक्षकसरह अनुकूल हुने व्यवस्था मिलाइने छ ।'

नीति तथा कार्यक्रममा वैज्ञानिक अनुसन्धान र प्रविधिको विकासका लागि सार्वजनिक, निजी र शैक्षिक क्षेत्रबीच सहकार्यको वातावरण बनाइने उल्लेख छ । सार्वजनिक क्षेत्रका सबै 'थिंकटयांक' संस्था र अनुसन्धान केन्द्रहरूलाई समन्वयात्मक ढंगले अघि बढाई नीति निर्माणमा पृष्ठपोषण गराइने पनि उल्लेख गरिएको छ । साइबर सेक्युरिटी, डेटा सुरक्षा, एप डेभलपमेन्ट तथा सुदृढीकरण र त्यससँग जोडिएका प्रणालीलाई समन्वयात्मक तवरबाट अघि बढाइने बताइएको छ ।


## राहदानी हरायो

मिति २०८२/०१/१० गते जोरपाटी बाट चावहिल जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

**नाम थर :** दन्ति देवि लामा
**राहदानी नं. :** ११७८२७५४
**ठेगाना :** आरुबारी, काठमाडौं
**सम्पर्क :** ९८४१९०८३७७

## युएइमा रोजगार

कम्पनी : A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०१/१९ | LT. No. 317345 | चलानी नं. ६०२३१५५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 98 | 36 | 925 | ३४,१५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SERVEU

पूर्व स्वीकृति मिति : २०८१/१०/०९ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०१/१९ | LT. No. 317526 | चलानी नं. ६०२३१७३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 150 | 7 | 800 | २९,५३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २८ गते (11th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 498/061/62
KOSHI INTERNATIONAL SERVICES PVT. LTD.
Koshi Villa, Furtiman Marga, Bishalnagar (Near Finland Embassy), KMC-4, T: 977-1-4423603/4423604, Mob: 984-1376648, 9851041549, Email:- koshi.labourdesk@gmail.com, Web: www.Koshiinternational.com


# स्वास्थ्य बिमा बोर्डको भुक्तानी क्षमता बढाउन अस्थायी जनशक्ति थपिने




**काठमाडौं (प्रस)–** स्वास्थ्य बिमा बोर्डको दाबी भुक्तानी मूल्यांकन गर्न जनशक्ति अभावमा देखिएको समस्या समाधान गर्न अस्थायी दरबन्दी थप गरिने भएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले अस्थायी दरबन्दी थप गर्न गरेको प्रस्ताव मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ ।

गत बुधबार बसेको मन्त्रिपरिषद् बैठकबाट बोर्डका लागि ४०२ जनशक्ति थपिने भएका छन् । बोर्डका लागि मन्त्री पौडेलले अधिकृतस्तरका ५६ तथा सहायकस्तर र श्रेणीविहीन ३४६ जना जनशक्तिको अस्थायी दरबन्दी स्वीकृतिका लागि प्रस्ताव लगेका थिए । हाल बोर्डमा जनशक्ति अभावमा गत साउनसम्मको दाबीमा मात्र मूल्यांकन सकिएको छ ।

बोर्डका कार्यकारी निर्देशक डा. रघुराज काफ्लेले थपिएका अस्थायी जनशक्तिले चालु आवभित्र बाँकी दाबीमा मूल्यांकन सक्ने लक्ष्यमा सघाउने विश्वास व्यक्त गरे । मन्त्रिपरिषद्को निर्णयअनुसार सुशील कोइराला प्रखर क्यान्सर अस्पताल खजुरामा १२९, गेटा अस्पताल धनगढीमा १४१ तथा डडेलधुरा अस्पतालमा ३१३ जनाको अस्थायी दरबन्दी स्वीकृत भएको छ ।

यसले ती अस्पतालहरूले सञ्चालनमा खेपिरहेको समस्या समाधानमा सहजता ल्याउने विश्वास गरिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए । 'संगठन तथा व्यवस्थापन संरचनाको काम नसकिँदासम्म यसले सेवा सञ्चालनमा बोर्ड र अस्पतालमा सहजता आउने विश्वास गरिएको छ,' उनले भने ।

# सामुदायिक विद्यालयमा भर्ना अभियान र पठनपाठन सुरु

**काठमाडौं (प्रस)-** शिक्षकको आन्दोलनका कारण बन्द भएका विद्यालय शुक्रबारदेखि नियमितरूपमा सञ्चालनमा आएका छन् । बुधबार सरकार र आन्दोलनरत शिक्षक महासंघबीच सहमति भएपछि लामो समयदेखि बन्द भएका विद्यालय क्रमशः खुलेका छन् ।

विद्यालय खुलेसँगै भर्ना अभियान पनि सुरू भएको छ । विश्व निकेतन मावि त्रिपुरेश्वरका प्रधानाध्यापक हेरम्बराज कँडेलका अनुसार शुक्रबारदेखि नियमित पठनपाठन सुरू भएको छ । उनले शनिबार र बिदाको दिन पनि नियमितरूपमा विद्यालय सञ्चालन गर्ने र अवरूद्ध भएको शैक्षिक कार्यक्रमलाई गति दिने जानकारी दिए ।

बिहीबार विश्व मजदुर दिवसको दिन पनि कक्षा ११ को पठनपाठन गरिएको उल्लेख गर्दै उनले शुक्रबारदेखि भने कक्षा १ देखि १० सम्म नियमित भएको बताए । उक्त विद्यालयले प्रवेश परीक्षामार्फत ६०० जना नयाँ विद्यार्थी भर्ना गरेको छ । प्रवेश परीक्षामा दुई हजार ७०० विद्यार्थी सहभागी भएका थिए ।


## Kalika Municipality
## Office of Municipal Executive

**Redcrossgram, Chitwan**
**Bagmati Province**

### RE-INVITATION FOR SEALED QUOTATION BIDS

**Contract Identification No: 06/Goods/SQ/KM/081/082**
**First date of publication: - 2081/12/31 (13th April, 2025)**
**Second date of Publication: 2082/01/21 (4th May, 2025)**

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan Re-invites electronic sealed quotation bids from eligible bidders for Supply of following Goods in the table below.

| S. N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | 06/Goods/ SQ/KM/ 081/082 | SUPPLY AND DELIVERY OF AGRICULTURAL MACHINERY. | 75 days from the day of bid opening (Upto 2082-04-18 B.S, 3rd August, 2025 A.D) | 30,000/- | 1,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**
**Name of the Bank** : Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
**Name of Office** : Kalika Municipality, Office of Municipal Executive, Chitwan.
**Office Account No.** :11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, राजस्व शीर्षक नं : १४२१९
**Office Account No.** :11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
**Last Date of Bids Submission Date** : Before 12 PM on **2082-02- 06 (20th May, 2025)**
**Bids Opening Date** : At 13:00 PM on **2082-02- 06 (20th May, 2025)**
**Location** : Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents atthe Kalika Municipality Office of Municipal ExecutiveRedcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP systemwww.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# परीक्षाको वातावरण नखलबल्याऊ

पूर्वनिर्धारित मितिमै सुरू भएको भए कक्षा १२ को परीक्षा आजसम्म सकिसकेको हुने थियो । विद्यार्थीहरू परीक्षा सकेर फुर्सदिला भइसक्थे । तर, शिक्षक आन्दोलनको मारमा परे विद्यार्थी । परीक्षाको अन्तिम तयारीमा रहेका बेला परीक्षा स्थगित हुन पुग्यो । त्यसो त शिक्षकहरू नै आन्दोलनमा भएपछि परीक्षा सञ्चालन नहुने लगभग निश्चित नै थियो । सरकार भने शिक्षकलाई बाइपास गरेर परीक्षा जसरी पनि चलाउन कस्सियो । निजामती कर्मचारीलाई परीक्षामा खटाउने निर्णय गर्‍यो । तर, त्यो सम्भव थिएन । अन्तमा भयो नै त्यस्तै । वैशाख ११ बाट सुरु हुने परीक्षा केही घण्टा अघि अर्थात् १० गते साँझतिर मात्र स्थगित गरियो । त्यसरी स्थगित भएको परीक्षा आजदेखि सुरु हुँदै छ ।

राष्ट्रिय परीक्षा बोर्डका अनुसार परीक्षामा देशभरबाट पाँच लाख ११ हजार ५२५ जना परीक्षार्थी सहभागी हुँदै छन् । नियमिततर्फ तीन लाख ९५ हजार ९०८ जना र आंशिकतर्फ एक लाख १५ हजार ६१७ जना परीक्षार्थी परीक्षामा सामेल हुँदै छन् । परीक्षाका लागि एक हजार ५९१ परीक्षा केन्द्र तोकिएको छ । परीक्षामा यस वर्ष जापानबाट ३७ जनाले सहभागिता जनाउँदै छन् ।

परीक्षामा यस वर्ष सबैभन्दा थोरै मनाङबाट ४५ जना परीक्षार्थी छन् । सर्वाधिक काठमाडौंबाट ६८ हजार १३३ जना परीक्षार्थी सहभागी हुने छन् । प्रदेशगत रूपमा हेर्दा कर्णाली प्रदेशबाट यस वर्ष सबैभन्दा कम ३८ हजार ८८८ जना र बागमती प्रदेशबाट सबैभन्दा धेरै एक लाख ३५ हजार २४० परीक्षार्थी कक्षा १२ को परीक्षामा सहभागी हुँदै छन् । यसैगरी कोशी प्रदेशबाट ८२ हजार ८७१ जना, मधेस प्रदेशबाट ६९ हजार ८०८ जना, गण्डकीबाट ४३ हजार ३४९ जना, लुम्बिनीबाट ९० हजार ६७८ र सुदूरपश्चिम प्रदेशबाट ५० हजार ६५४ विद्यार्थी रहेका छन् ।

राजनीतिक अस्थिरता र विभिन्न आन्दोलनको मारमा नेपालको शैक्षिक क्षेत्र पर्दै आएको छ । यसको पछिल्लो उदाहरण बनेको छ कक्षा १२ को परीक्षा । अन्तिम समयमा परीक्षा स्थगित हुँदा विद्यार्थीमा कस्तो मानसिक असर पुग्यो होला ? यो गम्भीर प्रश्न छ । तर, यसमा सरोकारवालाहरूले ध्यान दिएका छैनन् । आफ्नो अधिकार प्राप्त गर्ने नाममा विद्यार्थीको अधिकार हनन् गर्नु सुहाउने कुरा होइन । यो वातावरण बनाउन सरकार र आन्दोलन गर्ने पक्ष दुवै जिम्मेवार छन् । यसरी विद्यार्थीको भविष्यमाथि खेलबाड गरिनु खेदजनक छ ।

मुलुकको शिक्षा प्रणाली कमजोर हुँदा दैनिक हजारौं विद्यार्थी लाखौं खर्चेर अध्ययनका लागि विदेश गइरहेकाबारे जानकार नभएका होइनन् । जानाजान बेवास्ता गरिएको हो । यस्तो प्रवृत्ति फेरि दोहोरिनु हुन्न । ढिलै भए पनि सुरू भएको परीक्षा मर्यादित बनाइयोस् । विद्यार्थीलाई सहज वातावरणमा ढुक्कसँग परीक्षा दिने व्यवस्था गरियोस् । सम्पूर्ण परीक्षार्थी भाइबहिनीहरूलाई शुभकामना ।

श्रम सरोकार

## विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमा:

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# सूचना तथा सञ्चार प्रविधिः समृद्ध नेपालको आधार



■ पृथ्वी सुब्बा गुरुङ

संसारभर कृत्रिम बुद्धिमत्ताको प्रयोग तीव्रगतिमा बढिरहेका सन्दर्भमा नेपालले पनि यस क्षेत्रमा महत्त्वपूर्ण कदम चालेको छ । सरकारले एआईका क्षेत्रमा जनशक्ति विकास, अध्ययन, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलताको विकास गर्ने र एआइको प्रयोगमार्फत क्षेत्रगत विकास र सार्वजनिक सेवाको गुणस्तरमा सुधार गर्ने उद्देश्यसहित राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति,२०८१ निर्माण कार्य सम्पन्न हुने चरणमा छ । यस नीतिका लक्ष्य तथा उद्देश्य पूरा गर्न एआई सेन्टर स्थापना गर्ने र एकीकृत डिजिटल नीति तयार गर्ने लक्ष्यसमेत मन्त्रालयको रहेको छ ।

इन्टरनेटको विश्वव्यापी सञ्जाल र बढ्दो पहुँच, आर्टिफिसियल इन्टेलिजेन्सलगायतका नवीनतम् प्रविधिको तीव्र विकास, सार्वजनिक सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको क्रमिकरूपमा व्यापक प्रयोग आदिले पनि यस क्षेत्रको महत्त्व दर्साउँछ । कृषि, उद्योग र सेवा क्षेत्रमा नवप्रवर्द्धन, कृषिको आधुनिकीकरण तथा व्यावसायीकरण, बजार पहुँचलाई सहज बनाउन डिजिटल माध्यम प्रभावकारी हुनसक्छ । दिगो विकास लक्ष्यहरू हासिल गर्न पनि डिजिटल पूर्वाधारमा जोड दिनुपर्ने हुन्छ ।

सूचना प्रविधि क्षेत्रमा पछिल्लो समयमा भएको विकास र विस्तारसँगै नेपालमा पनि यसको प्रयोगमा उल्लेख्यरूपमा बढोत्तरी भएको छ । मुलुक डिजिटल प्रविधिको युगमा प्रवेश गरिसकेका सन्दर्भमा यसको अधिकतम् उपयोग गरी 'समृद्ध नेपाल र सुखी नेपाली'को लक्ष्य हासिल गर्ने बाटोमा हामी लागेका छौं । सूचना तथा सञ्चार प्रविधिलाई विश्वव्यापीरूपमा नै सामाजिक-आर्थिक विकासको प्रमुख आधार र उत्प्रेरकका रूपमा लिइएको छ । हामीले पनि सूचना प्रविधिलाई समृद्धिमा जोड्न विभिन्न नीतिगत व्यवस्थामा जोड दिएका छौं । यसले सुशासन, उत्पादकत्व र रोजगारी सिर्जनामा सहयोग पुग्न गई डिजिटल अर्थतन्त्रलाई बलियो बनाउन मद्दत पुग्दछ । डिजिटल पूर्वाधार निर्माण गर्ने लक्ष्यका साथ डिजिटल नेपाल संरचनाको प्रभावकारी कार्यान्वयन भइरहेको छ ।

सरकारले डिजिटल नेपाल बनाउन सातै प्रदेश तथा ७५३ वटै स्थानीय तहमा सम्पूर्ण रूपमा डिजिटलाइजेसन गर्ने योजना बनाएको छ । नेपाल सरकारका सबै मन्त्रालयहरू र मन्त्रालय मातहतका निकाय, आयोग र विभिन्न संस्था पनि डिजिटलमा लैजाने काम भइरहेको छ । देशभर दूरसञ्चार सेवाको पहुँच पुगेको छ । सबै स्थानीय तह र वडा केन्द्रसम्म यसै वर्षको अन्त्यसम्ममा दिगो ब्रोडव्याण्ड इन्टरनेट सेवाको पहुँच पुर्‍याई त्यहाँबाट विद्युतीय सुशासन (इ-गभर्नेन्स) को अभ्यास थालनी हुँदै छ । सातै प्रदेशमा डेटा सेन्टर राख्ने तयारी सरकारको छ । इ-गभर्नेन्सले भ्रष्टाचार नियन्त्रण, जनतालाई छिटोछरितो सेवा प्रदान, राजस्व वृद्धि तथा सरकारी खर्च घटाउन सहयोग पुग्दछ । देशका कुना कन्दरासम्म 'फोर जी' सेवाको व्यापक विस्तार गर्नुका साथै काठमाडौं र सातै प्रदेशका मुख्य सहरहरूमा यसै वर्षको अन्त्यसम्ममा 'फाइभ जी' प्रविधिमा आधारित सेवा विस्तार गर्न आवश्यक प्रक्रिया अगाडि बढिरहेको छ ।

नेपालमा पनि सूचना तथा सञ्चार प्रविधिको महत्त्वलाई आत्मसात् गर्दै सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९ सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ अवलम्बन गरिएको छ । नेपाल सरकारले 'डिजिटल नेपाल फ्रेमवर्क' २०७६ मार्फत आठ क्षेत्र ८० डिजिटल कार्यक्रम अवलम्बन गर्दै सामाजिक तथा आर्थिक विकासलाई सूचना तथा सञ्चार प्रविधिमार्फत थप गतिशील बनाउने उद्देश्य लिएको छ । यसरी पहिचान गरिएका आठ क्षेत्रमा डिजिटल पूर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त क्षेत्र तथा सहरी पूर्वाधार छन् भने यी क्षेत्रको विकासका लागि ८० विभिन्न कार्यक्रमसमेत पहिचान गरिएका छन् । यस फ्रेमवर्कलाई पुनरावलोकन गरी थप प्रभावकारी कार्ययोजना तयारी पारी कार्यान्वयन गर्ने एवं सुरक्षित एवं सहज डिजिटल वातावरण सुनिश्चित गरी आवश्यक कानुन र संरचना सुधार गर्न सरकार तयार छ । डिजिटल नेपाल फ्रेमवर्कका अतिरिक्त नेपाल सरकारले सूचना तथा सञ्चार प्रविधि क्षेत्रलाई आफ्नो आवधिक तथा वार्षिक नीति तथा कार्यक्रममासमेत प्राथमिकतामा राखेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपालको समग्र सूचना प्रविधि विकासका लागि घोषित सूचना प्रविधिलाई समेटेर २५ वर्षे दीर्घकालीन रणनीतिसहितको दस्तावेज तयार गरी सूचना तथा सञ्चार प्रविधि विकास मार्गचित्र २०२५ तयार गर्ने योजना रहेको छ ।

सूचना तथा सञ्चार प्रविधि नेपालको समृद्धिको आधार बनाउन सकिने थुप्रै सम्भावनाहरू छन् । हाल कार्यान्वयनमा रहेको १६औं योजनामा उत्पादकत्व बढाउन सूचना सञ्चार प्रविधिको विकासमा जोड दिएको छ । सार्वजनिक सेवा प्रवाहमासमेत विद्युतीय प्रणालीको प्रयोग बढ्दो क्रममा रहेको छ । डिजिटल भुक्तानीको विकास र उपयोगमा तीव्रता आएको छ । सरकारले सार्वजनिक सेवा प्रविधिको प्रयोगलाई प्राथमिकता दिएसँगै विस्तारै सार्वजनिक सेवामा विद्युतीय प्रणालीको प्रयोगमा बढोत्तरी भएको छ । हरेकजसो सार्वजनिक निकायले कुनै न कुनै विद्युतीय प्रणालीको प्रयोग गरी सेवा प्रवाह गरिरहेका छन् । कागजरहित सार्वजनिक सेवा प्रवाह प्रवर्द्धन गर्न एकीकृत विद्युतीय प्रणालीलाई कार्यान्वयनमा ल्याइएको छ ।

नागरिकलाई आवश्यक सेवा एकीकृतरूपमा उपलब्ध गराउने उद्देश्यका साथ विकास गरिएको नागरिक एपलाई थप सवलीकरण र आधुनिकीकरण गर्दै जाने क्रममा ३५ सरकारी निकायका ६५ भन्दा बढी सेवाहरू आबद्ध गरिसकिएको छ । सबै मन्त्रालयअन्तर्गतका उच्च प्राथमिकताका १०० भन्दा बढी सेवाहरू यसै वर्षभित्र नागरिक एपमा आबद्ध गर्ने योजनाका साथ कार्य अगाडि बढिरहेको छ ।

संसारभर कृत्रिम बुद्धिमत्ताको प्रयोग तीव्रगतिमा बढिरहेका सन्दर्भमा नेपालले पनि यस क्षेत्रमा महत्त्वपूर्ण कदम चालेको छ । सरकारले एआईका क्षेत्रमा जनशक्ति विकास, अध्ययन, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलताको विकास गर्ने र एआइको प्रयोगमार्फत क्षेत्रगत विकास र सार्वजनिक सेवाको गुणस्तरमा सुधार गर्ने उद्देश्यसहित राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति,२०८१ निर्माण कार्य सम्पन्न हुने चरणमा छ । यस नीतिका लक्ष्य तथा उद्देश्य पूरा गर्न एआई सेन्टर स्थापना गर्ने र समग्र सञ्चार तथा सूचना प्रविधि क्षेत्रका नीतिलाई एकीकृत गरी एकीकृत डिजिटल नीति तयार गर्ने लक्ष्यसमेत मन्त्रालयको रहेको छ । एआई प्रविधिको उपयोग, डिजिटल साक्षरताको अभिवृद्धि, साइबर सुरक्षाको सवलीकरण र नागरिक एपको प्रभावकारी प्रयोगमा लक्षित कार्यक्रम सञ्चालन गर्ने लक्ष्य मन्त्रालयको रहेको छ ।

सरकारी डेटा सेन्टरको स्तरोन्नति र आधुनिकीकरण गर्ने, निजी क्षेत्रमा डेटा सेन्टरको सञ्चालनसम्बन्धी निर्देशिका तयार गर्ने, 'डिजास्टार रिकभरी सेन्टर' स्थापना र प्रभावकारी सञ्चालनका लागि आवश्यक नीतिगत तथा संस्थागत प्रबन्ध गरी सवलीकरण र आधुनिकीकरण गर्ने कार्य सुरु गरिएको छ । नेपालको आफ्नै भू-उपग्रह स्थापना गर्ने आवश्यक तयारी प्रक्रिया सुरु गरिसकिएको छ भने केन्द्र र सातै प्रदेशमा सूचना प्रविधि हब र ज्ञान पार्क स्थापना गर्ने र सयौं आइटी कम्पनीमा लाखौंको संख्यामा जनशक्तिले कार्य गर्ने वातावरण तयार गर्ने सम्बन्धमा आवश्यक गृहकार्य अगाडि बढिरहेको छ ।

सूचना प्रविधि र सञ्चारलाई समृद्ध नेपालको आधार बनाउन सबै वर्ग, क्षेत्र, लिंग, भाषा र उमेर समूहका नेपालीलाई डिजिटल विकासमा जोड्ने, इन्टरनेटको अर्थपूर्ण पहुँच सुनिश्चित गर्ने, इन्टर नेटलाई स्वास्थ्य, शिक्षा, सार्वजनिक सेवा प्रवाह, उत्पादकत्वमा वृद्धि र रोजगारी सिर्जनामा जोड दिइएको छ ।

सूचना प्रविधिको विकास, विस्तार र सुरक्षित प्रयोगलाई सुनिश्चित गर्न आवश्यक नीतिगत र कानुनी व्यवस्था हुन आवश्यक छ । प्रविधि र प्रणालीको सुरक्षित जवाफदेही प्रयोग एवं डिजिटल इकोसिस्टम निर्माणका लागि आवश्यक नीति र कानुन निर्माणलाई तीव्रता दिइएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतका निकायहरूको पुनर्संरचना गरी समग्र क्षेत्रकै रूपान्तरण गर्ने प्रक्रियाअनुसार पुराना नीति, ऐन कानुनहरूको परिमार्जन गरी संरचनात्मक सुधारमा जोड दिइएको छ ।

सूचना प्रविधिका लागि अपरिहार्य सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक संसद्मा पुर्‍याइएको छ । सूचना प्रविधिका लागि अपरिहार्य सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक संसद्मा दर्ता हुने क्रममा रहेको छ । राष्ट्रिय सुरक्षाको एक भागका रूपमा रहेको साइबर सुरक्षाका विषयलाई गम्भीरतापूर्वक लिइ आवश्यक पूर्वाधार, नीति नियम, संरचना, क्षमता विस्तार, आवधिक सुरक्षा परीक्षण आदि अवलम्बन गरी डिजिटल प्रणालीको सुरक्षा विश्वसनीयता कायम गर्न राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्नुका साथै राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० कार्यान्वयनमा छ । साइबर सुरक्षाको जोखिम पहिचान, प्रतिकार्य र अनुगमन गर्न राष्ट्रिय साइबर समसामयिक परिमार्जनको कार्य सम्पन्न हुने चरणमा रहेको छ ।

*(सञ्चार तथा सूचना प्रविधिमन्त्री गुरुङसँग राससले गरेको कुराकानीमा आधारित)*

# अपांगता अधिकारसम्बन्धी ऐनको पूर्णकार्यान्वयन आवश्यक



■ पदमबहादुर परियार

अपांगता भएका व्यक्तिलाई शिक्षा हासिल गर्न सहज बनाउन उनीहरूको आवश्यकताबमोजिम ब्रेल वा वैकल्पिक लिपि, सांकेतिक भाषा, सूचना प्रविधिको साधन र दौँतरीबाट सिक्नेजस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पनि भनिएको छ । तर कार्यान्वयन छैन ।

म प्रदेश सांसद र पालिकाका प्रमुख र उपप्रमुखले मत दिएर अपांगता कोटाबाट संसद्मा आएको हुँ । त्यसैले म अपांगता भएका व्यक्तिप्रति उत्तरदायी हुनैपर्छ । हाम्रोमा ऐन बन्छ तर कार्यान्वयनमा समस्या छ । वि.सं. २०७२ मा संविधान जारी भयो । २०७४ सालमा अपांगता भएका व्यक्तिसम्बन्धी ऐन जारी भएको छ । तर त्यसको सही ढंगबाट कार्यान्वयन हुन सकेको छैन । ऐनमा अपांगता भएका व्यक्तिलाई सरकारले तोकिदिएबमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराउने भनिए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

त्यसैगरी अपांगता भएका व्यक्तिलाई शिक्षा हासिल गर्न सहज बनाउन उनीहरूको आवश्यकताबमोजिम ब्रेल वा वैकल्पिक लिपि, सांकेतिक भाषा, सूचना प्रविधिको साधन र दौँतरीबाट सिक्नेजस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पनि भनिएको छ । तर कार्यान्वयन छैन । मेरो माग भनेको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालगायत राज्यका सबै संरचनामा अपांगता भएका व्यक्तिको समान सहभागिता हुनुपर्छ ।

संविधानको धारा ४६, १३३ (२) र (३) बमोजिम अपांगता भएका व्यक्तिलाई प्रतिनिधिसभा र प्रदेशसभामा अनिवार्यरूपमा समानुपातिक निर्वाचन हुने भनिएको व्यवस्थाको कार्यान्वयन हुनुपर्छ । पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका अपांगता भएका व्यक्तिलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने संवैधानिक व्यवस्थाको पूर्णकार्यान्वयन हुन जरुरी छ । त्यस्ता अपांगतासँग जोडिएका धेरै व्यवस्था छन् संविधानमा । तर कार्यान्वयनमा सरकारको चासो छैन । म अहिले राष्ट्रिय सभाको सांसद छु । संसद्मा अपांगता भएका व्यक्ति र दलित समुदायको अधिकारको बारेमा बोली नै रहेको हुन्छु । त्यससँगै देशको समसामयिक विषयमा संसद्मा कुरा उठाउने विषय भई नै हाल्यो । मैले संसद् बैठकको प्रत्येक प्रसारण सांकेतिक भाषामा पनि हुनुपर्ने माग उठाउँदै आएको छु ।

व्यक्तिको अधिकारसम्बन्धी महासन्धि र अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐनको कार्यान्वयनको माग पनि गर्दै आएको छु । शिक्षा, निजामती र प्रहरीलगायतका ऐनलाई पनि अपांगतामैत्री बनाउनुपर्ने मेरो माग छ । बहिरा नागरिकका हकअधिकार प्रदान गर्ने सन्दर्भमा विद्यमान कानुनी व्यवस्था र सामाजिक दृष्टिकोण अझै विभेदपूर्ण रहेका छन् तिनलाई सच्याउनुपर्ने छ । अर्को कुरा भनेको, दलित समुदायको संवैधानिक हक कार्यान्वयन गर्न आवश्यक ऐन निर्माणमा सरकारको उदासीनता देखाएको छ । संविधानको धारा ४० मा दलित समुदायका लागि विशेष हक र सुविधाको व्यवस्था गरिएको छ । यो धाराले राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी गराउने, सार्वजनिक सेवा तथा रोजगारीमा विशेष प्राथमिकता दिने, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, भूमि सुधार, परम्परागत पेसा संरक्षण र सीप विकासमा सहायता प्रदान गर्ने व्यवस्था गरेको छ । तर, कार्यान्वयन छैन । अहिले पनि दलित समुदायको आफ्नो नाममा जमिन छैन । उनीहरू आर्थिक, सामाजिक र राजनीतिक रूपमा पनि पछाडि गर्दै आएका छन् ।

जहाँसम्म संविधान कार्यान्वयन र संशोधनको विषयलाई हेर्दा संविधान केही हदसम्म कार्यान्वयन भएको छ । तर दलित, महिला, मधेसी, आदिवासी जनजाति, उत्पीडित वर्ग र क्षेत्रको सवालमा कार्यान्वयन हुन सकेको छैन । पहिला संविधानमा व्यवस्था कार्यान्वयन गर्नुपर्छ । कार्यान्वयन नगर्दै संविधान गर्नु कति उचित हुन्छ । हो, कतिपय संवैधानिक व्यवस्थाका कारण काम गर्ने सवालमा अप्ठ्याराहरू आएका होलान् । तर उत्पीडित समुदायको संवैधानिक अधिकार पनि कार्यान्वयनमा सरकार गम्भीर हुनुपर्छ । उनीहरूबारे कानुन निर्माणमा सरकारले चासो देखाउनुपर्छ ।

संघीयतालाई अझै बलियो बनाउनका लागि संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई पूर्णअधिकार दिनुपर्छ । अधिकार जति सबै संघमा राखेर संघीयताको कार्यान्वयन हुन्छ जस्तो मलाई लाग्दैन । मेरा मतदाता भनेका प्रदेश सांसद हुन् । उनीहरूप्रति उत्तरदायी मैले प्रदेशका समस्या सभामा राख्दै आएको छु । अहिले संसद्मा प्रादेशिक समय पनि छुटयाइएको छ । त्यो समयमा आफूलाई निर्वाचित गर्ने प्रदेश र पालिकाका सवालमा मात्रै कुरा राख्न सकिन्छ । मैले प्रादेशिक, शून्य र विशेष समयमा पनि मेरा मतदाताका सवाल र समस्या उठाउने गरेको छु । तर त्यहाँ पनि कार्यान्वयनकै समस्या छ ।

संसद्मा जति कराए पनि सरकारले सुन्ने होइन । तर पनि बोल्न छाडेको छैन । युवा पलायन रोक्नका लागि सरकारसँग स्पष्ट योजना हुनुपर्छ । विनायोजना हुँदैन । जस्तो वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएका युवालाई रोक्नका लागि स्वदेशमा रोजगारी दिन सक्नुपर्छ । रोजगारीको निम्ति देशमा कलकारखाना सञ्चालन गर्नुपर्छ । त्यसका लागि सरकारले लगानी गर्नुपर्छ । नभए विदेशी लगानीलाई सहज बनाउनुपर्छ ।

*(राष्ट्रिय सभा सदस्य परियारसँग राससले गरेको कुराकानीमा आधारित)*



**काफलको व्यापार** | दाङको तुलसीपुर उपमहानगरपालिका-३ स्थित टुनापानीमा फलेको काफल संकलन गरी नजिकैको तुलसीपुर उपमहानगरपालिका-३ सातबासमा थोक मूल्यमा किनबेच गर्दै महिलाहरू । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# जग्गा एकीकरण आयोजनाको भौतिक प्रगति २३ प्रतिशत

तनहुँ (प्रस)- व्यवस्थित सहर विकासका लागि तनहुँको व्यास नगरपालिकाले बैरेनीमा सञ्चालन गरेको जग्गा एकीकरण आयोजनामा करिब २३ प्रतिशत भौतिक प्रगति भएको पाइएको छ ।

व्यास नगरपालिका-१० बैरेनीमा सञ्चालित जग्गा एकीकरण आयोजनामा चैत मसान्तसम्म २२.८ प्रतिशत प्रगति भएको पाइएको हो । त्यस्तै आयोजनामा २५ प्रतिशत आर्थिक प्रगति भएको व्यास नगरपालिकाका इञ्जिनियर रवीन्द्रलाल मूलले जानकारी दिए । व्यास नगरपालिकाले नौ करोड २४ लाख ७० हजार रूपैयाँ लागतमा जग्गा एकीकरणको काम सुरु गरेको छ ।

प्रारम्भिक चरणमा जग्गा सम्याउने तथा रिटेनिङ वाल निर्माणका लागि ५९ लाख ९० हजार रूपैयाँमा ठेक्का लागेको थियो । उक्त ठेक्काको जिम्मा विश्वास एण्ड बिपु कन्स्ट्रक्सन जोरपाटीले पाएको थियो । त्यस्तै दोस्रो चरणमा सडक, ढल तथा अन्य संरचना निर्माणका लागि आठ करोड ६४ लाख ७९ हजार रूपैयाँमा ठेक्का लागेको थियो । उक्त ठेक्का एचआरभी शिवदेव जेभी धुलिखेलले पाएको छ ।

आयोजनाअन्तर्गत आठ मिटर चौडाइ भएको सडक ४२२ मिटर, सात मिटर चौडाइ भएको सडक एक हजार २१५ मिटर, छ मिटर चौडाइ भएको सडक दुई हजार २२० मिटर र चार मिटर चौडाइ भएको सडक ३३४ मिटर निर्माण गरिने इञ्जिनियर मूलले जानकारी दिए ।

उनका अनुसार आयोजनाको क्षेत्रको ढललाई सुरक्षित तवरले व्यवस्थापन गर्न आयोजनाको बीचमा धाप क्षेत्रमा ठूलो ढल निकास नाली तथा आवश्यकताअनुसार सडक छेउमा सानो ढल नालीको निर्माण गरिने छ । यहाँ विद्युत् पोलको निर्माण गरिने तथा प्रसारणलाइनका लागि सहरी विकास तथा भवन निर्माण विभागको वित्तीय सहयोग र विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रको समन्वयमा निर्माण गरिने छ ।

भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालको प्राविधिक सहयोगमा सम्भाव्यता अध्ययन सकिएपछि जग्गा एकीकरण आयोजना सुरु गरिएको नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले जानकारी दिए । न्यौपानेका अनुसार प्रथम चरणमा २६१ रोपनी क्षेत्रफलमा आयोजना कार्यान्वयन गर्नका लागि मस्यौदा योजना तयार गरी सहरी विकास मन्त्रालयमा पेस गरिएकामा २०७८ फागुन २ गते सरकारबाट स्वीकृत भएको थियो ।

नगरपालिकाले आयोजना निर्माणका लागि गत वर्षको मंसिर १५ गते नगर विकास कोषसँग ऋण सम्झौता गरेको थियो । सम्झौताअनुसार नगर विकास कोषले ७० प्रतिशत र नगरपालिकाले ३० प्रतिशत रकम बेहोर्ने छन् । जग्गा एकीकरण आयोजनाका लागि एक लाख ३२ हजार ८१४ वर्ग मिटर (२६१ रोपनी) क्षेत्रफल छुट्याइएको छ । जग्गा एकीकरण आयोजनामा २३१ लाभग्राहीका ३४७ कित्ता समावेश गरिएको मूलले बताए । प्रत्येक जग्गाधनीहरूले गर्नुपर्ने योगदानको विस्तृत योगदान तालिका तथा चक्लाबन्दी नक्सासमेत तयार भइ स्वीकृत भइसकेको उनले बताए ।

आगामी दिनमा जगाको चार किल्ला सीमांकन गरी आयोजनाका सम्बन्धित जग्गाधनीहरूलाई अस्थायी जग्गाधनी प्रमाणपूर्जासहित जग्गा फिर्ता गरिने छ । त्यसपश्चात् पूर्वाधार निर्माणका लागि आरक्षित घडेरी बिक्री गरी विभिन्न चरणमा नगर विकास कोषलाई ऋण रकम भुक्तानी गरिने मूलले बताए ।

व्यास नगरपालिका-१० (साविक फराकचौर वडा नम्बर ८ (घ) र (ङ)) का अन्तर्गतका जग्गामा आयोजना सञ्चालन गरिने छ । पश्चिमतर्फ मादी नदीले कटान गरी बनेको डिल फराकचौर ८ ङ (३) फराकचौर ८ घ (२, १२०६, १२०५) देखि भित्रका कित्ताहरू आयोजनामा समावेश गरिएका छन् ।

वैरेनी जग्गा एकीकरण आयोजनाअन्तर्गत एक हजार ५३६ रोपनी सम्भाव्यता अध्ययन गरिएको थियो । व्यास नगरपालिकाको व्यवस्थित सहरीकरणको अभियानमा यो स्वीकृति कोशेढुंगा हुने नगरपालिकाको दाबी छ । व्यास नगरपालिकाका प्रमुख न्यौपानेले व्यवस्थित सहर विकासका लागि जग्गा एकीकरण आयोजनाले सहयोग पुग्ने बताए । व्यास नगरपालिकामा बढ्दो जनघनत्वलाई मध्यनजर गरी नगर विकास कोषसँगको ऋण जग्गा एकीकरण आयोजना सुरु गरिएको नगरप्रमुख न्यौपानेले जानकारी दिए ।

# दार्चुलाको गोकुलेश्वर अस्पताल सञ्चानलमै कठिनाइ

■ नरेन्द्रसिंह कार्की




**दार्चुला-** शैल्यशिखर नगरपालिका मातहतमा रहेको गोकुलेश्वर अस्पताल सञ्चानलमै कठिनाइ हुँदै आएको छ । बजेट र जनशक्ति अभावमा अस्पताल सञ्चालनमा कठिनाइ भइरहेको हो ।

बैतडी र दार्चुलाको मुख्य केन्द्रबिन्दुमा पर्ने सो अस्पतालमा मेडिकल सुपरिटेनडेण्ट नवौं तहको दरबन्दी स्थापनादेखि रिक्त छ । दुई जना मेडिकल अधिकृत करारमा छन् । 'मेडिकल अधिकृतको दरबन्दी भए पनि पूरै समय यहाँ बस्नसक्ने अवस्था छैन,' नगरपालिकाका स्वास्थ्य संयोजक शिवदत्त जोशीले भने, 'सेवा सुविधाको कमीले गर्दा यहाँ बस्न रुचि कमैले देखाउने गरेका छन् ।' तोकिएको तलबबाहेक स्थानीय सरकारले थप बजेट दिएर चिकित्सक टिकाउनुपरेको छ । अस्पतालमा डा. मनोजबहादुर पाल र उत्तमसिंह धामीमात्रै कार्यरत छन् ।

राम्रो सेवा सुविधा दिन नगरपालिकाले मात्रै सक्दैन । डाक्टर टिकाउन सेवा सुविधा जरुरी हुने जोशीको भनाइ छ । अस्पतालसँग पर्याप्त मात्रामा भौतिक पूर्वाधार छैन । आव २०५५/५६ मा प्राथमिक स्वास्थ्य केन्द्र हुँदा निर्माण गरिएको भवनबाट सेवा दिनुपरेको छ । तीन शयया भएको प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गर्दै अहिले १५ शयचामा पुऱ्याइएको छ । पुरानै भवनलाई अहिले कामचलाउको रूपमा सञ्चालनमा ल्याइएको स्वास्थ्य संयोजक जोशी बताउँछन् ।

सडकमार्गले नजिक भएका कारण पनि गोकुलेश्वर अस्पतालमा सेवाग्राही बढी हुने गर्छन् । नगरपालिकाको स्रोतले मात्रै अस्पताल सञ्चालन गर्न समस्या भइरहेको छ । अस्पताल सञ्चालनका लागि प्रदेश सरकारबाट सहयोग पनि नपाइएको उनको गुनासो छ । छिमेकी जिल्ला बैतडी र दार्चुलाका स्थानीय तहसँगको अन्तरपालिका समन्वय बैठक हुँदा पनि अस्पताल सञ्चालनमा सहयोग जुट्न नसकेको स्वास्थ्य संयोजक जोशी बताउँछन् । अरु कहींबाट बजेट र उपकरण सहयोग नआएपछि अस्पतालको अवस्था दिनानुदिन कमजोर हुँदै गएको छ ।

यो अस्पतालमा दार्चुलाका लेकम गाउँपालिका, शैल्यशिखर नगरपालिका, मार्मा गाउँपालिका, नौगाड गाउँपालिका र अपिहिमाल गाउँपालिकाका बिरामी चेकजाँचका लागि आउने गर्छन् । यस्तै छिमेकी जिल्ला बैतडीको डिलाशैनी नगरपालिका, दोगडाकेदार गाउँपालिका, पुर्चौडी नगरपालिका र बझाङको बुंगल नगरपालिकाका सेवाग्राही अस्पतालमा पुग्ने गरेका छन् ।

महाकाली राजमार्गसँग जोडिएको शैल्यशिखरबाट जिल्ला अस्पतालसम्म पुग्न तीन घण्टा समय लाग्छ । गोकुलेश्वरमा निको नहुने बिरामी डडेलधुरा अस्पताल वा धनगढी रिफर गर्न सजिलो हुने भएकाले यहाँको अस्पताल बिरामीका लागि पहिलो रोजाइ बन्ने गरेको अस्पतालका चिकित्सक डा. पाल बताउँछन् । अस्पतालसँग भएका उपकरण बिग्रिँदै जानु तथा मर्मतमासमेत कसैले चासो नदिँदा अस्पतालको सेवा प्रवाहमा समस्या भएको छ ।

यो अस्पताललाई प्रदेश सरकार मातहत लगाउने विषयमा छलफल भइरहेको नगर प्रमुख विजयसिह धामीले बताए । 'सुरुमा छिमेकी स्थानीय तहसँग छलफल गर्छौं,' उनले भने, 'सेवा सुविधामा साझेदारी गर्न तयार हुन्छन् भने स्थानीय मातहतमै चलाउँछौं, तर सहकार्य नहुने हो भने शैल्यशिखर नगरपालिकाले मात्रै अस्पताल धान्न सकिँदैन ।'

### अल्ट्रासाउण्ड मेसिन बिग्रिँदा सेवा प्रवाहमा समस्या

अस्पतालको अल्ट्रासाउण्ड मेसिन बिग्रिँदा बिरामीको जाँचमा समस्या भएको छ । तीन महिनादेखि अल्ट्रासाउण्ड मेसिन बिग्रिएको अस्पतालले जनाएको छ । मेसिन मर्मत हुन नसक्दा अस्पतालमा आउने बिरामीको जाँचमै समस्या भएको नगर स्वास्थ्य संयोजक जोशीले जानकारी दिए । 'अस्पतालसँग सुरुमा तीन वटा अल्ट्रासाउण्ड मेसिन थियो,' जोशीले भने, 'दुई मेसिन यसअघि नै बिग्रिए, एउटा चैतदेखि बिग्रिपछि समस्या भएको छ ।'

अस्पतालमा दैनिक सयौं बिरामी आउने गर्छन् । यो अस्पताल दार्चुलाको मात्र नभइ बैतडीका सेवाग्राहीका लागि पनि केन्द्रमा पर्दछ । अस्पतालमा भिडियो एक्सरे गर्नुपर्ने गर्भवतीको संख्या नै दैनिक १५/२० जना आउँछन् । त्योबाहेक सामान्य बिरामी सयौं हुन्छन् । चिकित्सक पालका अनुसार अस्पताल आउने बिरामीको भिडियो एक्सरे नहुँदा सास्ती छ । एक महिनाअघि सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयले मर्मत गरिदिन्छु भनेर पठाइएको अल्ट्रासाउण्ड मेसिन अझै बनेको छैन । उनका अनुसार बिग्रिएको मेसिन पनि प्रभावकारी थिएन । मेसिन बने नबनेको जानकारीसमेत आएको छैन ।

### सात महिनादेखि तलब पाएका छैनन् स्वास्थ्यकर्मीले

यहाँका स्वास्थ्यकर्मीले सात महिनादेखि तलबलगायतका सेवा सुविधा पाएका छैनन् । तलबसमेत समयमै नआउँदा स्वास्थ्यकर्मीलाई काम गर्न धौ-धौ भइरहेको छ । संघीयअन्तर्गत कार्यरत कर्मचारीले समयमै तलब पाए पनि स्थानीय तह र स्थानीय तहले थप गर्नुपर्ने सेवा सुविधा समयमै नपाउँदा स्वास्थ्यकर्मीलाई समस्या भएको छ ।

नगरपालिकाले करारमा भर्ना भएका कार्यालय सहयोगी, स्वीपरदेखि अहेबसम्म १५ कर्मचारीले सात महिनादेखि तलब पाएका छैनन् । 'सुरुमा तीन महिनाको तलब निकासी भएको छ,' स्वास्थ्यकर्मी भन्छन्, 'त्योबाहेक हालसम्म तलबसमेत खान पाएका छैनौं ।' अस्पतालमा कार्यरत दुई चिकित्सकको नगरपालिकाले थप गर्नुपर्ने तलबसमेत गएको छैन । सेवासुविधा नहुँदा स्वास्थ्यकर्मीलाई काम गर्नसमेत समस्या भएको छ ।

स्वास्थ्य संयोजक जोशी स्थानीय सरकारबाहेक कसैले सहयोग नगर्दा तलबलगायतका सेवा सुविधा व्यवस्थापनमा समस्या भएको स्वीकार गर्छन् । पूर्वाधार, जनशक्ति र मेसिन खरिदमा कसैको सहयोग जुटेको छैन । स्थानीय स्रोत र राजस्वमार्फत सञ्चालन निकै चुनौतीपूर्ण रहेको उनको भनाइ छ । स्वास्थ्यकर्मीलाई तलबलगायतका सेवा सुविधा समयमै व्यवस्थापनमा आफूले पहल गरिरहेको उनले बताए । *रासस*

# आफ्नो भाषा संरक्षणमा जुट्यो गुरूङ समुदाय

**चितवन (प्रस)-** विभिन्न जिल्लाबाट चितवन बसाइँसराइ गरी आएका गुरुङ समुदाय भाषा संरक्षणमा जुटेको छ । बसाइँसराइसँगै भाषा लोप हुने अवस्थामा पुगेपछि गुरुङ समुदाय भाषा संरक्षणका लागि जुटेको हो ।

भरतपुर महानगरपालिका-११ मा रहेको गोरखाली तमू समाजले भाषा संरक्षणका लागि गुरुङ भाषाको कक्षा सञ्चालन गरिरहेको छ । बसाइँसराइसँगै भाषा बिर्सने जोखिम बढ्दै गएपछि संरक्षण गर्ने उद्देश्यले भाषा कक्षा सञ्चालन गरिएको समाजका अध्यक्ष नेत्रबहादुर गुरूङले जानकारी दिए । अहिलेको पुस्ताले पनि भाषा नजाने नयाँ पुस्ताका लागि झनै समस्या हुने हुँदा भाषा नजान्नेका लागि कक्षा सञ्चालन गरिएको उनले बताए । वि.सं. २०६२ मा स्थापना भएको समाजले गुरूङ जातिको भाषा संरक्षण र सम्वर्द्धनलाई केन्द्रमा राखेर काम गर्दै आएको उनको भनाइ छ ।

चितवनमा गुरूङ जातिको बसोबास बाक्लिँदै गएको छ । त्यसमध्ये गोरखाली तमू समाजमा मात्रै करिब १०० घरधुरी आबद्ध छन् । समाजमा आबद्ध हुन बाँकी गुरूङहरू थुप्रै छन् । उनीहरूलाई समाजमा आबद्ध गराउने प्रयास भइरहेको अध्यक्ष गुरूङले बताए । समाजभित्रै कतिपय गुरूङ भाषाबारे अनभिज्ञ हुँदा जान्नेबाट नजान्नेलाई भाषाको ज्ञान बढाउनका लागि औपचारिक कक्षा नै सञ्चालन गरिएको उनको भनाइ छ ।

गोरखा, धादिङ, तनहुँ, लमजुङलगायतका जिल्लामा जन्मिएर चितवन आएका गुरूङले भाषा सिकेका हुन् । गोरखाली तमू समाजमात्र नभई चितवनमा रहेका गुरुङ जातिसँग सम्बन्धित विभिन्न संस्थाहरू भाषा संरक्षणका लागि जुटेका छन् । यसअघि तमू हचुल छौंज धीं गुरुङ राष्ट्रिय परिषद् चितवनले दुई हप्ते गुरुङ भाषा कक्षा सञ्चालन गरेको थियो ।

आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) चितवनका अध्यक्षसमेत रहेका भाषा कक्षाको प्रशिक्षक तुलमान गुरूङका अनुसार चितवनमा विभिन्न जिल्लाबाट बसाइँ सरी आउने क्रम बढ्दो छ । तर बसाइँ सरेर आएसँगै आफ्नो भाषा भने बिर्सँदै गएका छन् । विभिन्न समयमा हुने भाषा कक्षा सञ्चालनले युवा पुस्तामा भाषा पुस्तान्तरण गर्नमा सहयोग पुग्ने उनको विश्वास छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार चितवनमा गुरुङ जातिको कूल जनसंख्या ४९ हजार ८२७ छ । तर कूल जनसंख्याको कति प्रतिशतले भाषा बोल्छन् भन्ने यकीन नभएको उनको भनाइ छ ।

# सामाजिक सञ्जालको प्रभावकारी नियमन गरिने

**काठमाडौं (प्रस)-** सरकारले सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउन प्रभावकारी नियमन गर्ने भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै सञ्चार र निगरानी क्षमतामा वृद्धि गर्न नेपालको आफ्नै भू-उपग्रह सञ्चालनको आधार तयार गरिने उल्लेख गरेका हुन् । अति संवेदनशील सूचना प्रविधि, पूर्वाधारको सुरक्षा र निरन्तरताको सुनिश्चितता गर्दै सुरक्षित साइबर स्पेस निर्माण गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ ।

'दूरसञ्चार क्षेत्रमा नवीनतम प्रविधिको प्रयोग र पूर्वाधारको व्यवस्थापनमार्फत गुणस्तरीय दूरसञ्चार सेवाको देशव्यापी पहुँच विस्तार गरिन छ । सार्वजनिक सेवा प्रसारण संस्थाको सबलीकरण गर्दै आमसञ्चार सामग्री उत्पादन, प्रकाशन र प्रसारणलाई प्रभावकारी बनाइने छ,' नीति तथा कार्यक्रममा भनिएको छ । सरकारले हुलाक सेवाका पूर्वाधारलाई व्यवस्थित गर्दै कार्यक्षेत्रको विविधीकरण, सेवा प्रवाहमा आधुनिकीकरण र व्यावसायीकरण गर्नुका साथै 'एक स्थानीय तहः एक स्मार्ट हुलाक' को अवधारणाको कार्यान्वयन गर्ने भएको छ ।

सरकारले सुरक्षण मुद्रणलाई दिगो र भरपर्दो रूपमा सञ्चालनमा ल्याउनुका साथै डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयनलाई थप प्रभावकारी बनाइने उल्लेख गरेको छ । सूचना प्रविधिको क्षेत्रमा नवीनतम प्रविधिको विकास र विस्तारका लागि डिजिटल इकोसिस्टम निर्माण गर्ने र आर्टिफिसियल इन्टेलिजेन्सको विकास र नैतिक प्रयोगका लागि संस्थागत र कानुनी आधार तयार गर्ने सरकारको प्रतिबद्धता छ ।

# छोराछोरी सामुदायिक विद्यालयमा पढाउन निर्देशन

**काभ्रेपलाञ्चोक (प्रस)-** यहाँको मण्डनदेउपुर नगरपालिकाले स्थानीय जनप्रतिनिधिदेखि कर्मचारीसम्मका छोराछोरीलाई सामुदायिक विद्यालयमा पठनपाठन गराउन निर्देशन दिएको छ । नगरले जनप्रतिनिधि, शिक्षक, नगरका कर्मचारी तथा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीलाई यही वैशाख मसान्तसम्ममा अनिवार्यरूपमा सामुदायिक विद्यालयमा आफ्ना बालबालिका भर्ना गरेको प्रमाणसमेत बुझाउन निर्देशन दिएको हो ।

नगरले शुक्रबार सार्वजनिक सूचनामार्फत सामुदायिक विद्यालय शैक्षिक सुधार योजनाअन्तर्गत मण्डनदेउपुर नगरभित्रका जनप्रतिनिधिदेखि कर्मचारीसम्मका छोराछोरीलाई सामुदायिक विद्यालयमा पठनपाठन गराउन निर्देशन दिएको छ ।

नगरले २०८१ चैत २६ गते नगर शिक्षा समितिको बैठकले गरेको निर्णय अनिवार्य रूपमा कार्यान्वयन गर्न-गराउन उर्दी नै जारी गरेको हो । करिब एक महिनाअघि नगरले निर्णय गरेको निर्णय सबैले कार्यान्वयन नगरेकाले सूचनामार्फत निर्देशननै जारी गरिएको नगरप्रमुख टोकबहादुर वाइबाले बताए ।


**पथरी शनिश्चरे नगर अस्पताल निर्माण तथा संचालनका लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२१**

कोशी प्रदेश, मोरङ जिलला, पथरी शनिश्चरे नगरपालिकाद्धारा वडा नं.-२ मा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | पथरी शनिश्चरे नगरपालिका, कोशी प्रदेश, पथरी मोरङ, सम्पर्क नं. : ०२१-५५६११३, इमेल patharishanishcharemun@gmail.com |
| **प्रस्तावको ब्यहोरा** | ३०८५.३४ वर्ग मि. क्षेत्रफल Built up Area/Floor Area भएको अस्पताल संचालन हुँदा मुख्यरूपमा अस्पतालजन्य ठोस फोहोर, अस्पतालजन्य फोहोर पानी, सवारी ब्यवस्थापन आदि लगायत प्रमुख नकारात्मक वातावरणीय असरहरु हुन सक्ने आकंलन गरिएका छन । |
| **प्रभाव पर्न सक्ने जिलला/न.पा./वडा** | मोरङ जिल्ला, पथरी शनिश्चरे नगरपालिका, वडा नं.-२ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु वीच के-कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न पथरी शनिश्चरे नगरपालिकाको २ नं. वडा समिति, तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्रचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | पथरी शनिश्चरे नगरपालिका, कोशी प्रदेश, पथरी मोरङ, सम्पर्क नं.: ०२१५५६११३, इमेल patharishanishcharemun@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | इकोग्रीन कन्सल्टेन्सी प्रा. लि., बिर्तामोड नगरपालिका (१), झापा फोनः ९८१५०८२०८७, इमेलस् eco.greenary@gmail.com |

## 'भ्वाइस अफ नेपाल'को विजेता बने प्रशेष

सांगीतिक रियालिटी टिभी शो 'भ्वाइस अफ नेपाल'को छैटौं सिजनको उपाधि धादिङका प्रशेष पाण्डेले जितेका छन् । खेम सेन्चुरीको समूहका प्रतिस्पर्धी पाण्डे शुक्रबार राति आयोजित फिनालेमा विजेता घोषित भए । कोच मेलिना राईको समूहबाट खोटाङका रोशन राई फस्ट रनरअप भए भने कोच राजु लामाको समूहका इलामका प्रमेश राई सेकेन्ड रनरअप बन्न सफल भए । कोच उदय सोताङको समूहबाट प्रतिस्पर्धी गरेकी सिक्किमकी अर्पणा आचार्य थर्ड रनरअप घोषित भइन् ।





# हवाईउद्यमी बस्नेतको 'बाइ द बुक' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** हवाई उद्यमी एवं बुद्ध एयरका कार्यकारी अध्यक्ष वीरेन्द्रबहादुर बस्नेतद्वारा लिखित पुस्तक 'बाइ द बुक' सार्वजनिक भएको छ । स्थापनाको झण्डै २८ वर्षको अवधिमा बुद्ध एयरले हासिल गरेका सफलता र व्यवस्थापकीय पाटोका विभिन्न आयामलाई पुस्तकमा समावेश गरिएका छन् ।

ललितपुरमा शनिबार आयोजित एक कार्यक्रमकाबीच कर्मचारी सञ्चय कोषका तत्कालीन प्रमुख प्रशासक संसारभक्त श्रेष्ठ र हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अशोक शमशेर जबराले संयुक्त रूपमा पुस्तक विमोचन गरे ।

त्यस अवसरमा तत्कालीन प्रमुख प्रशासक श्रेष्ठले सफल व्यवस्थापन र गुणस्तरीय सेवाको नमुना संस्थाका रूपमा स्थापित बुद्ध एयर सबैका लागि प्रेरणादायी भएको बताए । हाल देशकै अग्रणी हवाई कम्पनीका रूपमा स्थापित बुद्ध एयरको सुरुआती सञ्चालनमा वित्तीय स्रोतको भूमिका निर्वाह गर्ने अवसर पाउनु आफ्ना लागि पनि महत्वपूर्ण अवसर भएको उहाँले उल्लेख गरे ।

हिमालयन बैंकका सिइओ जबराले हवाई उद्योगको नमुना संस्थाका रूपमा रहेको बुद्धएयरसँग आर्थिक साझेदारी गर्न पाउनु आफ्ना लागि पनि गौरवको विषय भएको बताए ।

लेखक बस्नेतले नयाँ आउने उद्यमीलाई केही सिक्ने अवसर मिलोस् भनेर पुस्तक लेखेको बताए । 'यो पुस्तकको अर्थ नियमसंगत हो । बुद्धएयर सुरुआत गर्दाको सपना र सोचलाई पुस्तकमा समेटिएको छ', उनले भने, 'हवाई उद्योग असाध्यै जोखिमपूर्ण उद्योग हो, विभिन्न बाधाव्यवधान र कठिनाइ आउँछन् तिनलाई कत्ति पनि हरेस नखाई कसरी समाधान र व्यवस्थापन गरेर अगाडि बढ्नुपर्छ भन्ने सन्देश पुस्तकमा उल्लेख छ ।'

बस्नेतले आमनेपाली उद्योग व्यवसाय र व्यवस्थापनमा लागेकाहरूका लागि पुस्तक केही सिक्ने सन्दर्भ सामग्रीका रूपमा हुने विश्वास व्यक्त गरे । 'पुस्तकमा बुद्ध एयरको संस्थागत सोच र सपना, सङ्घर्ष र सफलता, सूत्र र सिद्धान्त समेटिएका छन् । देशमा केही भएन र हुँदैन भन्नेहरूका लागि बाइ द बुकले केही आशाको सञ्चार गराउने छ र अस्तित्वको आत्मबोध गराउने छ । एउटा संस्थाको कुशल व्यवस्थापन र सफल व्यक्तिको जिम्मेवारी र उसको सफल नेतृत्वदायी भूमिकाका बारेमा पुस्तकले बोलेको छ', उनले भने ।

सन् १९९७ मा ४ जनाबाट सुरू भएको बुद्ध एयरमा हाल एक हजार ५०० भन्दाबढीले रोजगारी एको छन् । बीचक्राफ्ट १९०० डी र सी जहाजबाट सेवा सुरु गरेको बुद्धएयरले एटिआर-४२ हुँदै हाल एटिआर-७२ जहाजमार्फत सेवा दिइरहेको छ । बुद्धएयरसँग हाल १८ थान एटिआर जहाज रहेका र देशका ४० भन्दाबढी हवाई गन्तव्यमा उडान गरी हालसम्म दुई करोडभन्दा बढीलाई हवाई सेवा दिइसकेको त्यस अवसरमा जानकारी दिइयो ।

# सिनेमाघरसम्म पुग्न नसकेको 'बिच्छेद'

■ प्रभाव संवाददाता




**काठमाडौं–** करिब २ बर्ष अगाडि एउटा चलचित्र तयार भयो–'बिच्छेद' । निर्देशक सत्यराज चौलागाईंको निर्देशनमा बनेको दोस्रो फिल्मका रूपमा बनेको यो फिल्ममा मुकुन भुसाल, लक्ष्मी बर्देवा, सुष्मा निरौला लगायत आफुलाइ अभिनयमा अब्बल साबित गरिसकेका कलाकारहरू छन् ।

१५ बर्षदेखि चलचित्र क्षेत्रमा सक्रिय रहेका उनले बक्स अफिसमा प्रदर्शनको लागि मिति पनि तोके तर रिलिज भने हुन सकेन । अहिले उनी दैनिक जसो सामाजिक सञ्जालमा आफ्ना पिडा पोखिरहन्छन ! तर सम्बन्धित ब्यक्तिहरूको ध्यान गएको जस्तो देखिँदैन ।

'बिच्छेद'ले हल प्रदर्शन गर्न नसके पनि विभिन्न स्वदेशी- विदेशी फिल्म महोत्सवमा सराहना पायो, आधा दर्जनभन्दा बढी अवार्डहरू जितेको छ । यो फिल्म हेर्नेहरूले फिल्मको कथा, कलाकारहरूको अभिनय र छायांकनको प्रशंसा गरे पनि हलसम्म आउन भने अझै पनि सकेको छैन ।

कोभिड- १९ का कारण निर्माणका लागि 'बिच्छेद'को टिमले असहज अवस्थाको सामना गऱ्यो । जब चलचित्रको छायांकन सुरु भयो, त्यसको केही समयमै कोभिड-१९ को प्रकोप आयो, त्यसपछि लकडाउन, स्वास्थ्य संकट, जनशक्ति अभाव–यी सबैले गर्दा फिल्मको करिब तीन वर्षमा बल्लतल्ल सुटिङ सकियो ।

'शुरुवाती योजना त फिल्म छिट्टै पूरा हुने थियो, तर वास्तविकताले अर्कै मोड लियो । बजेट दोब्बर भयो,' निर्देशक भन्छन्, 'फिल्म पूरा गर्नु नै युद्धजस्तै भयो ।'

उनले राम्रो कथाले दर्शक र बजार नपाउने कटु यथार्थ रहेको बताएका छन् । उनले 'सो कल्ड' स्टार बिनाका चलचित्रले बितरक र हलको साथ नपाएको तीतो अनुभव पनि संगालेका छन् ।

# 'अभिमन्यु'को छायांकन सकियो



**काठमाडौं (प्रस)–** चलचित्र 'अभिमन्यु'को छायांकन सकिएको छ । २५ दिनको नियमित छायांकनपछि फिल्म सकिएको निर्माणपक्षले जानकारी दियो ।

'अभिमन्यु'ले गत चैत १९ गते कीर्तिपुरमा शुभ मुर्हूत गर्दै छायांकन सुरु गरेको थियो । चलचित्रमा कामेश्वर चौरासिया, गौमाया गुरुङ, सरिता गिरी, लक्ष्मी बर्देबा, शिशिर वाङ्देल, किरण श्रेष्ठलगायत कलाकारको अभिनय गरेका छन् ।

फिल्मको निर्माता विनोद पौडेल हुन् । उनले यसअघि ब्लकबस्टर फिल्म 'पूर्ण बहादुरको सारंगी' बनाएका थिए । 'अभिमन्यु' आगामी भदौ २७ गते रिलिज हुनेछ ।

सेभेन सिज सिनेमाको प्रस्तुति 'अभिमन्यु'लाई सुशान्त गौतमले निर्देशन गरेका हुन् । गौतमको यो निर्देशनमा डेब्यु फिल्म हो । मुकेश खनालको लेखन रहेको फिल्मको क्रिएटिभ निर्देशक मदन थापा हुन् । थापाले यसअघि फिल्म 'बाटो : रोड टु डेथ' निर्देशन गरेका थिए ।

गुञ्जन गिरीसमेत निर्माता रहेको फिल्मको रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता रहेका छन् । 'अभिमन्यु'मा शरद महतोको डिओपी छ । फिल्म हिन्दी र नेपाली भाषामा रिलिज हुने निर्माण युनिटले जनाएको छ ।



# बन्द प्रशिक्षणका लागि २५ जना छनोट, परेनन् कुशल



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाली राष्ट्रिय टोलीको बन्द प्रशिक्षणबाट अलराउन्डर कुशल मल्ल बाहिरिएका छन् ।

नेपाल क्रिकेट संघ (क्यान) ले शनिबार आइसिसी क्रिकेट विश्वकप लिग-२ को शृंखला तथा बेलायत भ्रमणका लागि दोस्रो चरणको बन्द प्रशिक्षणमा २५ खेलाडीलाई छनोट गरेको हो । छनोटमा लामो समयदेखि लयमा नरहेका कुशललाई हटाइएको हो ।

पहिलो चरणमा ५२ खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाइएको थियो ।

क्यानले यी खेलाडीलाई निलो, हरियो, रातो र पहेंलो गरि चार समूहमा विभाजन गर्दै 'कोर क्याम्प' सञ्चालन गरेको थियो । क्याम्पमा गरेको प्रदर्शनका आधारमा मुख्य प्रशिक्षक स्टुअट लले खेलाडी छानेका हुन् ।

नेपालले आगामी जुनमा स्कटल्यान्डमा हुने आइसिसी विश्वकप लिग-२ अगाडि बेलायतमा प्रशिक्षण गर्नुका साथै केही अभ्यास खेल खेल्नेछ ।

**बन्द प्रशिक्षणमा परेका खेलाडी**

**रोहितकुमार पौडेल (कप्तान), गुलशनकुमार झा, आसिफ शेख, करण केसी, सोमपाल कामी, कुशल भुर्तेल, ललितनारायण राजवंशी, अनिलकुमार साह, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने, भीम सार्की, आरिफ शेख, दिलिप नाथ, प्रतिश जिसी, अर्जुन साउद, शुभ कंसाकार, साहब आलम, बसिर अहमद, लोकेश बम, नन्दन यादव, युवराज खत्री, रिजन ढकाल, अकाश चन्द, रूपेशकुमार सिंह, किरण ठगुन्ना**

**लायन्स कप भलिबल**

# गण्डकीलाई हराउँदै एपिएफ सेमिफाइनलमा

■ प्रभाव संवाददाता




**पोखरा–** विभागीय टोली एपिएफ क्लब प्रथम लायन्स कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगितामा सेमिफाइनलमा प्रवेश गरेको छ । एपिएफको जितसँगै समूह 'ए' बाट सेमिफाइनल पुग्ने टोलीको टुंगो लागेको छ । पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा शनिबार भएको पहिलो खेलमा गण्डकी प्रदेशलाई ३-२ को सेटमा पराजित गर्दै एपिएफले सेमिफाइनलमा स्थान पक्का गरेको हो ।

प्रतिस्पर्धात्मक खेलमा जितसँगै एपिएफले अन्तिम चारमा स्थान सुरक्षित गरेको हो । पहिलो सेट १९-२५ ले गुमाएको एपिएफले दोस्रो सेट २५-१८ ले आफ्नो पक्षमा पारेको थियो ।

यस्तै, तेस्रो सेट २३-२५ ले गुमाएको एपिएफले चौथो र पाँचौं सेटमा पुनरागमन जित निकाल्दै सेमिफाइनल पुगेको हो । तीन अंकले पछि परेको अवस्थामा एपिएफले चौथो सेटमा लगातार १२ अंक लिँदै २५-१४ ले जित निकाल्दा खेल पाँचौं सेटमा धकेलिएको थियो ।

पाँचौं सेटमा सुरुआतबाटै अग्रता बनाएको एपिएफले १५-११ ले जित दर्ता गरेको हो । पराजयसँगै गण्डकी प्रदेश प्रतियोगिताबाट बाहिरिएपछि घरेलु दर्शलाई निराश पारेको छ । एपिएफ पहिलो खेलमा इरानसँग पराजित भएको थियो । पहिलो खेलमा इरानसँगै गण्डकी पराजित भएको थियो । प्रतियोगितामा समूह 'ए' बाट इरानी टोली विजेता र एपिएफ उपविजेताको रूपमा अन्तिम चारमा प्रवेश गरेका छन् ।

# आरभ र स्वस्तिकालाई उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** आरभसम्राट हाडा र स्वस्तिका विष्टले शनिबार ११औं सिटिजन्स बैंक टेनिस प्रतियोगिताको सिंगल्स उपाधि जितेका छन् । आरभ पुरुष तथा स्वस्तिका महिलामा च्याम्पियन बने । दुवै नयाँ च्याम्पियन हुन् ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कोर्टमा भएको पुरुष सिंगल्स फाइनलमा आरभले निसान श्रेष्ठलाई ६-३ र ६-२ को सोझो सेटमा पराजित गरे । आरभको समग्रमा तेस्रो सिनियर सिंगल्स उपाधि हो । यसअघि उनले गणेशमान सिंह टेनिस र माछापुच्छ्रे टेनिसको उपाधि जितेका थिए ।

निहालजंगबहादुर थापा र राजवीर प्रधान तेस्रो भए । आठौं र दसौं संस्करणका उपाधि विजेता प्रदीप खड्का भने क्वाटरफाइनलमै रोकिए । प्रदीपलाई राजवीरले क्वार्टरफाइनलमा हराएका थिए ।

महिलाको उपाधि भिडन्तमा स्वस्तिकाले नवौं र दसौं संस्करणकी उपाधि विजेता अभिलाषा विष्टलाई सीधा सेटमा ६-१ र ६-३ ले हराइन् । ४ वर्षे टेनिस करियरमा स्वस्तिकाको यो नै पहिलो सिनियर सिंगल्स उपाधि हो । आइशा डोल्कर गुरुङ र जेनी खड्काले तेश्रो स्थानमा चित्त बुझाए ।

पुरुष/महिला दुवैमा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः ५० हजार, २५ हजार र १०/१० हजार नगद पुरस्कार पाए । प्रतियोगितामा जम्मा ११ स्पर्धामा प्रतिस्पर्धा भएको थियो । मिक्स डबल्समा आरभ र अभिलाषा, भेट्रान ३५ वर्षमाथि पुरुष सिंगल्समा जितेन्द्र परियार, ३५ वर्षमाथि पुरुष डबल्समा जितेन्द्र र इलम दीक्षित, ४५ वर्षमाथि पुरुष सिंगल्समा कमलबहादुर भण्डारी तथा ४५ वर्षमाथि पुरुष डबल्समा कमल र सुमित मैनालीको जोडी विजेता बने ।

काठमाडौं जिल्ला टेनिस संघले आयोजना गरेको प्रतियोगिताको ५५ वर्षमाथि पुरुष सिंगल्समा चन्द्र शाही, ५५ वर्षमाथि पुरुष डबल्समा चन्द्र र डेगेन्द्र श्रेष्ठ, ६५ वर्षमाथि पुरुष सिंगल्समा ध्रुवबहादुर गुरुङ तथा ६५ वर्षमाथि पुरुष डबल्समा धीर गुरुङ र मनोज राणाको जोडी पहिलो भए ।



शनिबार भएको आमचुनावबाट दोस्रो कार्यकालका लागि निर्वाचित भएपछि आफ्नो पार्टीका समर्थकहरूलाई सम्बोधन गर्दै अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिज । लेबर पार्टीका अल्बानिजले विपक्षी दलका पिटर डटनलाई पराजित गरेका हुन् । *तस्बिरः एएफपी*

दक्षिण कोरियाको राष्ट्रपति चुनाव

# कञ्जरभेटिभ पार्टीले बनायो पूर्वश्रममन्त्री किमलाई उम्मेदवार

**सियोल–** दक्षिण कोरियाको सत्ताधारी दल कञ्जरभेटिभ पार्टीले पूर्वराष्ट्रपति युन सुक योलको स्थानमा आगामी जुनमा हुने मध्यावधि निर्वाचनका लागि पूर्वश्रममन्त्रीलाई उम्मेदवार बनाएको छ । किम मुन-सोले एकमात्र क्याबिनेट सदस्यको रूपमा ५६.५ प्रतिशत सार्वजनिक ध्यान खिचेपछि पिपुल्स पावर पार्टीको उम्मेदवारीका लागि उनलाई चयन गरिएको हो ।

उनले युनको नागरिक शासनको निलम्बनको प्रयासलाई रोक्न र महाभियोगको विरोध गर्न असफल भएकोमा माफी माग्न अस्वीकार गरे । पूर्वविद्यार्थी लेबर एक्टिभिस्टबाट कञ्जरभेटिभ बनेका उनले ५६.५ प्रतिशत मत प्राप्त गरी मनोनयनपत्र प्राप्त गरेका थिए । पूर्वपार्टी प्रमुख हान दोङ-हुनलाई पराजित गर्दै उनले पाएको मत पार्टी सदस्य मतपत्र र जनमत सर्वेक्षणको मिश्रणमा आधारित परिणाम हो । 'हामी आज यहाँ निराशा र क्रोधलाई धकेल्दै भेला भएका छौं । अनगिन्ती नागरिकहरूको चित्कारका बावजुद हाम्रा राष्ट्रपति युनमाथि महाभियोग लगाइयो,' ७३ वर्षीय किमले आफ्नो उम्मेदवारी स्वीकारोक्तिको सम्बोधनमा भने ।

उनले भने, 'मेरो शरीर टुक्राटुक्रा भयो भने पनि मैले निर्वाचन जित्छु, चाहे अन्य जेसुकै होस् ।' पहिलो, युनको महाभियोगको विरोध गर्ने किम र आफ्नै पार्टीभित्र कोलाहलको सामना गर्नुपरे पनि राष्ट्रपतिको महाभियोगको समर्थन गर्ने यूनको पूर्वसहयोगी हानबीचको विवाद थियो ।

विद्रोही सांसदहरूले संसद्को बैठक बोलाउन र मतदान गर्न संसद्को घेराउ गरेको करिब छ घण्टासम्म मात्र युनको सैनिक शासनको आदेश लागू भएको थियो । विपक्षी सांसद र नागरिकको व्यापक विरोधपछि महाभियोगपछि हटाइएका पूर्वराष्ट्रपति युनले आफ्नो निर्णय फिर्ता लिएका थिए ।

पूर्वराष्ट्रपतिको कदमलाई व्यापकरूपमा असंवैधानिक भन्दै निन्दा गरिएको छ र नेसनल एसेम्ब्लीले उनलाई महाभियोग लगाएको र त्यसपछि संवैधानिक अदालतले उनलाई पदबाट हटाउने फैसला गरेको थियो । किमले 'जनताद्वारा निर्वाचित राष्ट्रपतिलाई महाभियोग लगाएको' भन्दै विपक्षी नियन्त्रित संसद्को शनिबार आलोचना गरेका थिए ।



दक्षिण कोरियाको प्रतिष्ठित सियोल नेसनल युनिभर्सिटीमा भर्ना भएपछि किमले करिब दुई दशक श्रम र प्रजातन्त्र समर्थक कार्यकर्ताका रूपमा सैन्य अधिनायकवादी शासनविरुद्ध लडेका थिए तर सन् १९९१ मा सोभियत संघको पतनपछि आफूले आफ्नो विचार परिवर्तन गरेको बताएका थिए ।

'सधैं इमान्दारीका साथ बाँचेको मेरो जीवन बालक अवस्थामा केवल तातो खाना खाने मेरो गहिरो इच्छासँगै अहिलेको अवस्थामा पुगेको हो,' उनले भने, 'मैले कमजोर वा समाजको तल्लो तहमा रहेकाहरूलाई सधैं उपकार गर्नुपर्छ भन्ने आदर्शका साथ यहाँसम्म आइपुगेको छु ।'

अप्रिल २५ मा सार्वजनिक गरिएको ग्यालपको पछिल्लो सर्वेक्षणले मुख्य विपक्षी डेमोक्र्याटिक पार्टीका उम्मेदवार ली जे-म्युङले ३८ प्रतिशत समर्थनका साथ चुनावी मैदानमा अग्रता लिएको देखाएको छ । पूर्वकार्यवाहक राष्ट्रपति हान डक सोले बिहीबार राजीनामा दिएका थिए ।

उनले पिपुल पावर पार्टीसँग मिलेर लीविरुद्ध एकीकृत कञ्जरभेटिभ अभियान सुरु गर्ने अपेक्षा गरिएको छ र विज्ञहरूले उनी अन्ततः पिपिपी उम्मेदवारको रूपमा देखापर्न सक्ने बताएका छन् । दक्षिण कोरियाको सर्वोच्च अदालतले बिहीबार लीलाई निर्वाचन कानुन उल्लंघन गरेको आरोपमा पुनःसुनुवाइ गर्दै निर्दोष ठहर गरेको थियो । दुवै पक्षले मे ११ सम्ममा आ-आफ्ना आधिकारिक उम्मेदवार दर्ता गरिसक्नुपर्ने थियो ।

पिपिपीका उम्मेदवार किमले ८९.७ प्रतिशत मत प्राप्त गरी आफ्नो पार्टीको तर्फबाट उम्मेदवार बनेका लीलाई 'तानाशाह' को संज्ञा दिएका छन् । उनले भने, 'ली जे-म्युङ र उनको डेमोक्र्याटिक पार्टी समूहलाई सत्तामा पुग्नबाट रोक्न आवश्यक पर्ने कुनै पनि समूहसँग म बलियो गठबन्धन बनाउने छु ।' *रासस/एएफपी*

# भारत र पाकिस्तानको सिमानामा रहेका बासिन्दाहरू फिर्ता

**सेन्थ, भारत–** पाकिस्तानसँगको भारतीय सीमाका बासिन्दाहरूले प्रतिद्वन्द्वी सेनाहरूबिचको द्वन्द्वको आतंकको कारण आफ्ना परिवारलाई सीमाबाट फिर्ता पठाएका छन् ।

चेनाब नदीको किनारमा बसोबास गर्नेसेन्थको कृषि बस्तीका करिब एक हजार ५०० बासिन्दालाई द्वन्द्वको डरले स्थानान्तरण गरेको जनाइएको छ । 'हामी दीर्घकालीन योजना बनाउन सक्दैनौं,' गाउँ प्रमुख सुखदेव कुमारले भने । कठिन अवस्थाका कारण 'यहाँका अधिकांश गाउँलेहरूले आधारभूत घर बनाउनेभन्दा बढी लगानी नगर्ने उनले उल्लेख गरे ।




भारतले पाकिस्तानलाई कश्मीरमा सर्वसाधारणमाथिको आक्रमणलाई समर्थन गरेको आरोप लगाएपछि दुई छिमेकीबीचको सम्बन्ध बिग्रिएको छ । पहलगाममा अप्रिल २२ मा भएको आक्रमणमा क्याबो बोकेको आरोपमा भारतीय प्रहरीले तीन जनाको खोजी जारी राखेको छ भने संयुक्त राष्ट्रसंघले उनीहरूलाई आतंकवादी घोषणा गरेको छ ।

यता पाकिस्तानले भने २६ जनाको हत्या गर्ने सहयोग गरेको आरोपलाई अस्वीकार गरिरहेको छ । भारतीय सेनाले शनिबार आफ्ना सैनिकहरूले पाकिस्तानी सैनिकहरूसँग कश्मीरसँगको सीमामा गोली चलाएको बताएको छ ।

सन् १९४७ मा ब्रिटिस शासनबाट स्वतन्त्र भएदेखि नै कश्मीर भारत र पाकिस्तानको विवादित क्षेत्र बनेको छ । गाँउ प्रमुख कुमारले अधिकांश परिवारहरूले सुरक्षित आवासका लागि अर्को ठाउँमा घर बनाई सरेको र शिविरमा करिब एकतिहाइ मात्र मानिसहरूमा रहेको बताएका छन् ।

सन् १९९९ मा दुवै पक्षले आक्रमण गर्दा यो क्षेत्र नराम्ररी प्रभावित भएको जनाइएको छ । 'पहलगाममा आक्रमण भएदेखि बालबालिका डरैडरमा बाँचिरहेका छन् भने वार्ताका माध्यमबाट आफ्ना मतभेद समाधान गर्न नयाँ दिल्ली र इस्लामाबादमाथि अन्तर्राष्ट्रिय दबाब बढेको छ ।

संयुक्त राज्य अमेरिकाले 'तनाव कम गर्न' आग्रह गरेको छ, छिमेकी चीनले 'संयम' रहन आग्रह गरेको छ, र युरोपेली संघले शुक्रबार स्थिति 'चिन्ताजनक' भएको चेतावनी दिएको छ । *रासस/एएफपी*

# गोवाको मन्दिरमा भागदौड, छ जनाको मृत्यु

**नयाँदिल्ली–** भारतको तटीय राज्य गोवामा रहेको एक हिन्दू मन्दिरमा आगो बाल्नका लागि भेला भएका हजारौं मानिसलाई कुल्चिएर छ जनाको मृत्यु भएको अधिकारीहरूले शनिबार बताएका छन् । घटनामा कम्तीमा ५० जनाभन्दा बढी घाइते भएका छन् ।

शुक्रबार साँझ जात्रामा भाग लिन ठूलो संख्यामा भक्तजनहरू मन्दिरतिर गइरहेका थिए। सोही समयमा पसल अगाडि बिजुलीको तारले करेन्ट लागेर केही मानिसहरू लडे । त्यसपछि त्यहाँ भागदौड मच्चिएको थियो ।

गोवाका मुख्यमन्त्री प्रमोद सावन्तले एक विज्ञप्ति जारी गर्दै शिरगाओ गाउँको लैराई देवी मन्दिरमा शनिबार बिहान भएको भागदौडले आफूलाई निकै दुःखी बनाएको बताएका छन् । 'घाइतेमध्ये छ जनाको अस्पताल पुर्‍याउनुअघि नै मृत्यु भएको थियो,' सावन्तले पत्रकारसँग भने ।

उनले अस्पतालको अनुगमन गर्दै मृतक वा घाइतेका परिवारलाई सक्दो सहयोग गर्ने बताएका छन् । गोवाराज्यका स्वास्थ्यमन्त्री विश्वजित रानेका अनुसार घटनामा कम्तीमा ५० जनाभन्दा बढी घाइते भएका छन् । उनले भने, 'पाँच जनाको अवस्था गम्भीर र भेन्टिलेटरमा राखिएको छ भने बाँकीको विशेष आपत्कालीन कक्षमा उपचार भइरहेको छ ।'

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यालयले आफ्ना प्रियजन गुमाएकाप्रति समवेदना प्रकट गरेको छ। लैराई जात्रा गोवामा एक प्रमुख हिन्दू उत्सव हो र यो आगोमा पैदल हिंड्ने समारोहका रूपमा चिनिन्छ ।

भारतीय धार्मिक चाडहरूमा भागदौड मच्चिँदा घातक दुर्घटनाहरू हुने गरेका छन् । यस वर्षको सुरुमा उत्तरी सहर प्रयागराजमा कुम्भ मेलामा भएको भागदौडमा कम्तीमा ३० जनाको मृत्यु भएको थियो । *रासस/एएफपी*

# खार्किभमा रूसी आक्रमण, ४७ जना घाइते

**किएभ–** युक्रेनको दोस्रो ठूलो सहर खार्किभमा शुक्रबार राति भएको रुसी ड्रोन आक्रमणमा परी ४७ जना घाइते भएको प्रहरीले जनाएको छ। 'खार्किभमा भएको शत्रुतापूर्ण आक्रमणमा परी ४७ जना सर्वसाधारण घाइते भएका छन्,' खार्किभ क्षेत्रको प्रहरीले टेलिग्राममा लेखेको छ । खार्किभका गभर्नर ओलेग सिनेगुबोभले आक्रमणमा परी ११ वर्षीया बालिकासहित करिब ५० जना घाइते भएको बताए ।

उनले अगाडि भने, 'ड्रोन आक्रमणबाट केही मानिस घाइते भएका छन् भने आवासीय भवन, नागरिक पूर्वाधार र कारमा क्षति पुगेको छ ।' रुसले दक्षिणी सहर जापोरिजियामा गरेको आक्रमणमा २० जनाभन्दा बढी घाइते भएको केही घण्टापछि उक्त आक्रमण भएको हो ।

खार्किभ रूसी सीमा नजिकै अवस्थित छ भने यहाँ युक्रेनमा रूसी आक्रमण सुरू भएदेखि निरन्तर आक्रमण भइरहेको छ । खार्किभमा भएको पछिल्लो आक्रमणबारे रुसी पक्षबाट क्रास्नोडारका गभर्नर भेनियामिन कोन्ड्राटचाएभले टेलिग्राममा लेखेका छन्, 'क्रास्नोडार क्षेत्रको ब्ल्याक सीको तटमा किएभ प्रशासनले ठूलो आक्रमण गरेको छ ।'



'सबैभन्दा गम्भीर परिणाम नोभोरोसिस्कमा देखिएको छ जहाँ तीन अपार्टमेन्ट ब्लकहरू क्षतिग्रस्त भएका छन् । फलस्वरूप, त्यहाँ दुई वयष्क र दुई बालबालिका गरी चार जना घाइते भएका छन्,' उनले लेखेका छन् ।

संयुक्त राज्य अमेरिकाले मस्कोको तीन वर्षदेखिको आक्रमण अन्त्य गर्न दुवै पक्षसँग कुराकानी गरे पनि रुस र युक्रेनले हालैका हप्ताहरूमा एकअर्कामाथि आक्रमण जारी राखेका छन् । किएभ र वासिङ्टनले युक्रेनमा खनिज पदार्थ उत्खननका लागि ऐतिहासिक सम्झौतामा हस्ताक्षर गरेको केही दिनपछि पछिल्लो आक्रमण भएको हो । मस्कोमा दोस्रो विश्वयुद्धको अवसर पारेर रुसले युक्रेनमा तीन दिने युद्धविरामको घोषणा गरेको छ ।

क्रेमलिनले सैनिक खटनपटनमा हेरफेर र हरेक वर्ष रेड स्क्वायरमा आयोजना गर्ने 'परेडका लागि मात्र' युद्धविराम गरेको किएभले जनाएको छ । *रासस/एएफपी*

## थाइल्याण्डमा एक सशस्त्र आक्रमणकारीले गोली चलाउँदा तीन जनाको मृत्यु

**बैंकक–** दक्षिणी थाइल्याण्डमा विद्रोहीबाट प्रभावित एक बन्दुकधारीले एक बालकसहित तीन जनाको हत्या गरेको अधिकारीहरूले शनिबार बताएका छन् ।

अधिकारीका अनुसार लामो विद्रोहबाट प्रभावित थाइल्याण्डको नरथिवाट प्रान्तको टाक बाई जिल्लाको आवासीय क्षेत्रमा शुक्रबार राति आक्रमणकारीले गोली चलाउँदा नौ वर्षीया बालिका र एक जना वृद्धासहित तीन जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

'एकजना पीडितको घटनास्थलमै मृत्यु भएको र अन्य दुईको जना अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरी अधिकारी वाताना थुराररतलेलाई उद्धृत गर्दै एएफपीले जनाएको छ । उनले आक्रमणकारी विद्रोही समूहसँग सम्बन्धित रहेको आशंका प्रहरीले गरेको वाताउनाले बताए ।

थाइल्याण्डको दक्षिणका नाराथिवत, पट्टानी र याला प्रान्तमा धार्मिक पृथकतावादीहरूले सन् २००४ पछि अहिलेसम्म सात हजारभन्दा बढी मानिसको हत्या गरेको जनाएका छन् । सन् २००४ मा थाई सुरक्षा बलले टाक बाईको प्रहरी चौकी बाहिर प्रदर्शनकारीहरूको भीडमा गोली हान्दा सात जनाको मृत्यु भएको थियो । *रासस/एएफपी*

## राष्ट्रसंघीय प्रमुख र इरानी विदेशमन्त्रीबीच छलफल

**तेहरान–** इरानका विदेश मामिलामन्त्री सैयद अब्बास अराघची र संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले ओमानले मध्यस्थतामा भएको तेहरान र वासिङ्टन वार्ताको पछिल्लो प्रगतिबारे छलफल गरेका छन् ।

इरानको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार दुवै पक्षले पछिल्लो क्षेत्रीय र अन्तरर्ाष्ट्रिय घटनाक्रमबारे पनि छलफल गरेका छन् । अराघचीले आफ्नो शान्तिपूर्ण आणविक कार्यक्रमसँग सम्बन्धित समस्या समाधान गर्न कूटनीतिको बाटो रोज्ने इरानको 'जिम्मेवार' दृष्टिकोणलाई प्रकाश पारेका छन् । उनले आणविक हतियारसम्बन्धी सन्धिको सदस्यको रूपमा, इरानले शान्तिपूर्ण उद्देश्यका लागि आणविक ऊर्जा प्रयोग गर्ने आफ्नो अधिकारमा जोड दिँदै युरेनियमको संवर्द्धनका लागि अन्तर्राष्ट्रिय दायित्वप्रति प्रतिबद्ध रहेको बताएका छन् ।

अधिकारीहरूको 'विरोधाभासी' व्यवहार र टिप्पणी, इरानी राष्ट्रविरुद्ध प्रतिबन्ध र धम्कीहरूको निरन्तरता, कूटनीतिक मार्गमा अगाडि बढ्न वासिङ्टनको गम्भीरताबारे अविश्वास र शंका बढेको छ ।

संयुक्त राष्ट्रसंघका प्रमुखले इरानका विदेशमन्त्रीले अमेरिकासँगको वार्तासँग सम्बन्धित घटनाक्रमबारे व्याख्या गरेकोमा प्रशंसा गर्दै कूटनीतिक प्रक्रिया जारी राख्ने बताएका छन् । इरान र संयुक्त राज्य अमेरिकाले अप्रिल १२ र २६ मा ओमानको मस्कटमा पहिलो र तेस्रो चरणको अप्रत्यक्ष वार्ता र अप्रिल १९ मा इटालीको रोममा दोस्रो चरणको वार्ता गरेका थिए । *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १८३५०० | प्रति तोला – ० | प्रति तोला – १९३० |



**काफल कुटुक्कै** | बागलुङको जैमिनी नगरपालिका–३ दमेकमा मुढा बुन्न सिक्दै स्थानीय महिलाहरू । नगरपालिकाले सिप सिकाएर आत्मनिर्भर बनाउनका लागि स्थानीयलाई मुढा बुन्न सिकाउन थालेको हो ।
*तस्बिर : डम्मर बुढामगर/रासस*

# 'निजी क्षेत्रको मनोवल नबढाएसम्म अर्थतन्त्र अघि बढ्दैन'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** उपप्रधान एवम् अर्थमन्त्री विष्णु पौडेलले सरकारले निजी क्षेत्रको मनोवल बढाउने गरी काम गरिरहेको बताएका छन् ।

शनिबार सिंहदरबारमा भएको पूर्व बजेट छलफलमा बोल्दै उनले सरकारले निजी क्षेत्रलाई वेवास्था गर्यो भन्नु गलत भएको भन्दै निजी क्षेत्रको मनोवल बढाउनको लागि काम गरेको बताएका हुन् ।

उनले भने, 'निजी क्षेत्रको आत्मवल बढाउन सरकार सम्पूर्णरूपमा केन्द्रित छ । सरकारलाई राम्रोसँग हेक्का छ । निजी क्षेत्र जसको अर्थतन्त्रमा ८० प्रतिशत होल्डर रहेको निजी क्षेत्रको मनोवल नबढाई देशको अर्थतन्त्र अघि बढ्दैन भन्ने ज्ञान सरकारसँग छ ।' उनले निजी क्षेत्रका मुद्धा सम्बोधन गर्नका लागि नै अध्यादेश मार्फत कानून आएको बताए ।

'हामीले निजी क्षेत्रसँग अत्यन्त, जीवन्त घनिष्ट सहकार्य गरेका छौं दशकदेखि नउठेको मुद्धाहरूलाई सम्बोधन गर्न अध्यादेश मार्फत कानून भइसकेको छ । त्यसको स्रोत निजी क्षेत्र हो । निजी क्षेत्रलाई सरकारले वेवास्था गर्यो भन्ने कुराको कुनै अर्थ छैन,' उनले भने ।




मन्त्री पौडेलले नेपालमा समाजवाद नभएको र त्यसको लागि सबैभन्दा पहिला देश आर्थिकरूपमा सम्बृद्धि हुनुपर्ने बताए । 'नेपालमा समाजवाद छैन । आजै आउदैन पनि त्यो समाजवाद धेरै टाढा छ । नेपाली समाजवादमा सबैभन्दा पहिला देश आर्थिकरूपमा सम्बृद्धि हुनुपर्यो । त्यसका आम नागरिकको समान पहुँच हुनुपर्छ । सबै प्रकारको विभेद अन्त्य हुनुपर्छ,' उनले भने ।

# माथिल्लो ठूलोखोला आयोजना अन्तिम चरणमा

**म्याग्दी (प्रस)–** म्याग्दीको रघुगंगा गाउँपालिका–७ मा २२ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा पुगेको छ ।

ठूलोखोला हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको तीन वर्षअघि निर्माण सुरू भएको आयोजनाको भौतिक प्रगति ९० प्रतिशत पुगेको हो । आयोजना प्रमुख लोकबहादुर नायकले बाँध, विद्युत्गृह र पाइपलाइन जडान सकिएको आयोजनाको विद्युत्गृहमा उपकरण जडान र प्रसारण लाइन निर्माण अन्तिम चरणमा पुगेको बताए ।

'२०८२ को वैशाख महिनासम्म परीक्षण उत्पादन सुरू गर्ने कार्यतालिका बेनीदेखि आयोजना निर्माणस्थल जोड्ने सडक स्तरोन्नतिका कारण अवरूद्ध भएपछि प्रभावित बनेको छ', उनले भने, 'सडकका कारण भौगोलिक रूपमा विकट क्षेत्रमा अवस्थित विद्युत्गृहका उपकरण ढुवानी रोकिँदा जडान गर्न ढिलाइ भएको हो ।'

सुगुरथलामा बाँध, डिसेन्डर (पानी थिग्राउने पोखरी), दुई हजार ९०० मिटर मुख्य पाइपलाइन र ३०० मिटर सर्च साफ्ट पाइपलाइन जडान, फेदीमा विद्युत्गृह निर्माण भएको छ । विद्युत्गृह परिसरमा स्विचयार्ड निर्माण गर्न थालिएको छ ।

फेदीदेखि बन्दीसम्म १४ वटा टावर बनाएर पाँच किलोमिटर लामो १३२ केभी क्षमताको प्रसारण लाइन निर्माणाधीन छ । बन्दीदेखि ठूलोखोला र चिमखोलादेखि चिमखोला–मंगले–राहुघाट जलविद्युत् आयोजनासँग सहकार्य गरेर तिल्केनीचौर हुँदै २२० केभी क्षमताको दाना–खुर्कोट प्रसारण लाइनमार्फत आयोजनाको विद्युत् केन्द्रीय प्रणालीमा आबद्ध गराइनेछ ।

देव ऊर्जा कन्ट्रक्सन सिभिल, हाइड्रोमेकानिकल र बिएफएल ब्याङलोर इलेक्ट्रोमेकानिकल ठेकेदार हुन् । रु तीन अर्ब लागत अनुमान गरिएको आयोजनामा सिटिजन्स र माछापुच्छ्रे बैंकले ७० प्रतिशत ऋण लगानी गरेका छन् । प्रवर्द्धकको १० प्रतिशत लगानी रहने आयोजनाको २० प्रतिशत लगानी सेयर जारी गरेर सर्वसाधारणमार्फत जुटाइनेछ ।

# कामपाको 'सीप मेला' जेठ पहिलो साता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले आगामी जेठ ७ गतेदेखि दोस्रो संस्करणको 'सीप मेला २०८२' आयोजना गर्ने भएको छ ।

अघिल्लो वर्षझैँ टुँडिखेलमा सञ्चालन गर्न लागिएको उक्त मेलामा दुई हजार ८२ जनालाई सहभागी गराउने लक्ष्य रहेको काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) ले जानकारी दिए ।

सीपयुक्त जनशक्ति भए मात्र सुरक्षित रोजगारी हुने, उत्पादन वृद्धिमा योगदान हुने र यस चक्रबाट देशको आर्थिक समृद्धिमा योगदान पुग्ने प्रमुख शाहको धारणा रहेको छ । पन्ध्र हजार युवालाई सीपमूलक तालिम प्रदान गरेर कम्तीमा पाँच हजार जनालाई रोजगार तथा स्वरोजगार बनाउने उद्देश्यसहित आर्थिक वर्ष २०८०/८१ देखि महानगर गौरबको योजनाअन्तर्गत 'रोजगारी र आय वृद्धि, काठमाडौंको समृद्धि' कार्यक्रम कामपाले कार्यान्वयनमा ल्याएको छ । सीप नजानेकालाई सीप सिकाउने, सीपको आधारभूत तालिम लिएकालाई स्तरोन्नति गराएपछि बजारमा सीपयुक्त जनशक्ति उपलब्ध गराउने मेला आयोजनाको लक्ष्य रहेको पनि प्रमुख शाहले जानकारी दिए ।

मेलाको पहिलो संस्करण श्रमिक दिवस २०८१ का दिनदेखि टुँडिखेलमा सुरु भएको थियो । त्यस संस्करणमा तालिमका लागि ६८ हजार ८६६ जनाले आवेदन दिनु भएको थियो । मेलाबाट विभिन्न विधामा दुई हजार ८१ जना युवालाई सीपमूलक तालिम प्रदान गर्ने लक्ष्य राखिएको थियो ।

रोजगार र स्वरोजगारमा आबद्ध नहुनु भएका र कामपाको सम्पर्कमा रहेका जनशक्तिलाई उद्योग तथा कम्पनीसँग सहकार्य गरेर कामपाले अन द जब ट्रेनिङ गराइरहेको छ । आन्तरिक रूपमै रोजगारीका थुप्रै सम्भावना छन् भन्ने देखाउनु, सीप नभएर अनौपचारिक क्षेत्रको अर्थतन्त्रमा बसिरहेका जनशक्तिलाई रोजगारी र उद्यमका अवसरबाट औपचारिक अर्थतन्त्रमा रूपान्तरण गराउनु मेलाको लक्ष्य रहेको कामपाको भनाइ रहेको छ । 'शिक्षालाई सीपसँग', 'सीपलाई श्रमसँग' 'श्रमलाई उत्पादनसँग' जोडेर सीप नहुनेलाई सीपयुक्त बनाउनु, सीप भएकालाई रोजगार तथा स्वरोजगार बनाउनु, रोजगारमा भएका तर सीप नभएकाहरूको व्यावसायिकस्तर वृद्धि गराएर आयमा वृद्धि गराउनु तालिम सञ्चालनको मुख्य लक्ष्य हो ।

गएको वर्ष तालिम लिन नपाएका कामपामा स्थायी वा अस्थायी रूपमा बसोबास गरिरहेका, स्यानिटरी ल्याण्डफिल साइट प्रभावित क्षेत्रका बासिन्दा, फरक क्षमता भएका व्यक्ति, विगतमा सडक व्यापार, ठेलामा व्यापार गरेका व्यक्तिहरूलाई तालिमका लागि प्राथमिकतामा राखिएको छ । यस वर्ष १० वटा विधाका ३० वटा पेसासँग सम्बन्धित विषयमा तालिम सञ्चालन हुने बताइएको छ ।

# नीति तथा बजेट प्राथमिकतामा सुझाव संकलन

■ **प्रभाव संवाददाता**

**लुम्बिनी–** लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेटको प्राथमिकता निर्धारणका लागि प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरूसँग शुक्रबार छलफल गरेको छ ।




लुम्बिनी प्रदेश बजेट तयारी

मुख्यमन्त्री चेतनारायण आचार्यले नीति तथा कार्यक्रम र बजेटलाई लक्ष्य, उद्देश्यअनुकूल बनाउने र कार्यान्वयन पक्षलाई सुदृढ गर्ने उद्देश्यका साथ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी)मा छलफल आयोजना गरे ।

मुख्यमन्त्री आचार्यले सबैको अपनत्व हुनेगरी नीति तथा कार्यक्रम ल्याउने तयारीमा सरकार रहेको बताए । 'सबैको अपनत्व र अनुभूति हुनेगरी नीति तथा कार्यक्रम ल्याउने तयारीसँगै सुझाव संकलनका लागि छलफललाई निरन्तरता दिनेछौँ', उनले भने, 'सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेटले प्रदेशको वास्तविकता दर्शाउनेछ ।'

उनले दायित्व नथपिने गरी बजेट बनाइने, घाटा बजेट नल्याइने र संघ सरकारबाट प्राप्त हुने तथा प्रदेशभित्रै उठ्ने राजस्वको एकिन गरेर मात्र बजेट तर्जुमा गरिने स्पष्ट पारे । मुख्यमन्त्रीले क्षेत्र विकास कार्यक्रममा देखिएको जटिलता समाधान गर्न मापदण्ड निर्माण गरिने र बजेट तर्जुमा निर्देशिका ल्याएर बजेट कहाँ राख्ने र कहाँ नराख्ने विषयमा स्पष्टता ल्याइने पनि बताए ।

नेपाली कांग्रेस संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले प्रदेशलाई आर्थिक रूपमा बलियो बनाउने नीति तथा कार्यक्रम आवश्यक रहेको बताउँदै सरकारलाई पूर्ण साथ रहने स्पष्ट पारे । उनले संविधानको साझा अधिकार कार्यान्वयनमा जोड दिए ।

प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव बाबुराम अधिकारीले योजना निर्माण प्रक्रियालाई मापदण्डअनुसार अगाडि बढाइने र योजनाको प्राथमिकता निर्धारण गरेर छनोट व्यवस्थित गरिने जानकारी दिए ।

नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सहमहामन्त्री विष्णु मुस्कानले चालु खर्च घटाएर पुँजीगत खर्च बढाउने नीति अवलम्बन गर्न सुझाव दिए । उनले मुख्यमन्त्रीसँग जनता संवाद कार्यक्रमको आयोजना गरी प्रदेश र जनताको दूरी घटाउनुपर्ने विचार राखे ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) लुम्बिनी प्रदेश दलका उपनेता भोजप्रसाद श्रेष्ठले बहुवर्षीय योजना छनोट गर्दा प्रदेशसभा सदस्यहरूसँग छलफल गर्नुपर्ने, नीति निर्माणमा सरकार बलियो भएर प्रस्तुत हुनुपर्ने र भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको बजेट घटाएर कृषि र स्वास्थ्यमा केन्द्रित गर्नुपर्ने धारणा व्यक्त गरे । एमालेका प्रमुख सचेतक तुलसी चौधरीले कृषिमा आत्मनिर्भर बन्नेगरी विशेष बालीमा आधारित कार्यक्रम ल्याउनुपर्ने, कृषिमा आधारित उद्योग स्थापनामा जोड दिनुपर्ने सुझाव दिए ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का प्रमुख सचेतक इन्द्रजित थारूले वस्तुस्थिति र तथ्यांकका आधारमा योजना निर्माण गर्नुपर्नेमा जोड दिए । उनले आयस्रोत वृद्धिका उपाय, सार्वजनिक खर्चको व्यवस्थापन र किसानसँग सहकार्य गरेर कृषि उत्पादन बढाउनुपर्ने सुझाव दिए ।

नेपाली कांग्रेस लुम्बिनी प्रदेशकी सचेतक धनलक्ष्मी श्रेष्ठले नीति र बजेट दुवैमा कृषिलाई प्राथमिकतामा राख्नुपर्ने र मातृ मृत्युदर, बाल मृत्युदर तथा कुपोषण समाधान गर्न विशेष कार्यक्रम ल्याउनुपर्ने बताइन् ।

कार्यक्रममा नागरिक उन्मुक्ति पार्टी लुम्बिनी प्रदेश संसदीय दलका नेता धर्मबहादुर चौधरी, जनमत पार्टीका नेता चन्द्रकेश गुप्ता, राप्रपाकी प्रदेशसभा सांसद मीना श्रेष्ठ, जनता समाजवादी पार्टी नेपालका भण्डारी लाल अहिर, लोसपाका कनैया बानियाँ, राष्ट्रिय जनमोर्चाकी तारा थापा र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का भगवती अधिकारीलगायतले नीति तथा बजेटका प्राथमिकताबारे आ-आफ्ना सुझाव प्रस्तुत गरेका थिए ।

**साइबर सुरक्षाबारे सचेत रहौं**

- अपरिचित इमेल, सन्देश र लिंकहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरुबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तिय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रुपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ